प्रशासन असार २०८२, वर्ष ५७, अङ्क १, पूर्णाङ्क १४१, ३१-६२
©२०८० सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://doi.org/10.3126/prashasan.v57i1.80656
www.mofaga.gov.np/prashasanjournal
ISSN: 2565-5043 Print / ISSN: 2822-1974 Online

नेपालमा सुशासनको आवश्यकता, महत्त्व, समस्या र सुझाव

गम्भीर बहादुर हाडा‡

लेखसार

सुशासन, सामाजिक न्याय र समृद्धि समकालीन नेपालका महत्त्वपूर्ण शासकीय गन्तव्यहरू हुन्। सुशासन सरकारले नागरिक समाज र निजी क्षेत्रसँगको सहकार्यमा नागरिकलाई पारदर्शिता, जवाफदेहिता, समावेशिता, प्रभावकारिता, मानव अधिकार, व्यक्तिगत स्वतन्त्रता, कानुनको शासन र समन्यायिकता जस्ता उदार लोकतन्त्रका आधारभूत सिद्धान्तमा आधारित असल शासनका माध्यमबाट आत्मसम्मान सहितको समृद्धि, स्वतन्त्रता र न्याय प्रत्याभूति गर्ने प्रणाली हो। आधुनिक राज्यको वैधता र वैधानिकता सुशासनमा अडिएको हुन्छ। विगत केही समययता नेपालमा सुशासनको आवश्यकता र यसको अवस्थाका बारेमा गहिरा बहसहरू अघि बढेका मात्रै छैनन्, समकालीन राजनीतिक समाजको सुशासन प्रत्याभूति गर्ने क्षमता र यसप्रतिको प्रतिबद्धताका सम्बन्धमा समाजका हरेक तप्काबाट प्रश्नहरू उठाइएका छन्। सामुदायिक सुशासन, बजार सुशासन, र सार्वजनिक सुशासनलाई संस्थागत गर्न नसकिएमा यसले नागरिक र राज्यबीचको विश्वासको डोरी कमजोर पारी राज्य संस्थाको वैधानिकतामा नै प्रश्न उठाउन सक्छ र हालसम्मका राजनीतिक उपलब्धिहरूलाई नै उथलपुथल पार्न सक्छ। नेपाल विश्वका दुई उदीयमान अर्थतन्त्र बिच रहेकाले कमजोर सुशासन हाम्रो अस्तित्वका लागि समेत खतरा हुन सक्छ। यस विश्लेषणात्मक लेखमा सुशासनको महत्त्वका बारेमा चर्चा गरिएको छ।

शब्दकुञ्जी: सुशासनको महत्त्व, संस्थागत सुशासन, सार्वजनिक संस्थानहरू, सुशासनका आयामहरू, सुशासनका सूचकहरू।

---

‡ *पूर्व सहप्राध्यापक, भक्तपुर बहुमुखी क्याम्पस*
इमेलः gambhirhada@gmail.com

पृष्ठभूमि

शासन प्रणाली सधैंभर उस्तै रहन सक्दैन, किनकि जनताका आवश्यकता, चाहना, विश्व परिवेश र राजनीतिक संस्कार परिवर्तनशील छन्। शासन प्रणालीमा भएका परिवर्तन र नवीन अभ्यास, राज्य प्रणालीमा आएका परिवर्तन र नयाँ क्षेत्रहरू, सरकारको भूमिकामा आएका परिवर्तन र परिष्करण, विश्वमा विभिन्न मुलुकले सामना गर्नुपरेका समस्याहरू र तिनको व्यवस्थापन गर्न अवलम्बन गरिएका शैलीहरूले शासन प्रणालीको सन्दर्भ र अभ्यासमा नवप्रवर्तन आएको मान्न सकिन्छ। शासन प्रणाली सामान्य Police state बाट Welfare state सम्मको अवधारणात्मक परिवर्तन, Monopoly and supremacy बाट Partner & co-operative शैलीसम्मको शासकीय परिवर्तन, निरङ्कुशतन्त्र, कुलीनतन्त्रदेखि लोकतन्त्र, सुशासन र नागरिक सर्वोच्चतासम्मका अवधारणा, मान्यता र शैलीहरूमा भएको परिवर्तनले राज्य र शासन प्रणाली निरन्तर परिवर्तनशील अवयवहरू हुन् भन्ने मान्यता स्थापित भइरहेको छ।

सुशासनको अवधारणालाई अझ स्पष्ट रूपमा बुझ्नका लागि विभिन्न विद्वानका विचार र विकास प्रयासमा संलग्न अन्तर्राष्ट्रिय संस्थाहरूको विचारलाई उल्लेख गर्नु आवश्यक हुन्छ। एकथरी विद्वानहरूले यसलाई बजार संयन्त्रद्वारा विस्थापित गरिएको पुरानो अवधारणाका रूपमा विश्लेषण गर्छन्। अर्कोथरी विद्वान् यसलाई सरकारी र गैर-सरकारी एवं अन्य नागरिक समाजका बीचका अन्तरक्रियालाई व्यवस्थापन गर्ने कलासम्म स्वीकार्दछन्। तर विकासशील मुलुकका समस्याहरूसँग सरोकार राख्ने कतिपय विद्वान् सार्वजनिक वस्तु र सेवाको निरन्तरताका लागि सुशासन जरुरी छ भन्ने मान्दछन्। सुशासनको अवधारणा सन् १९८० को दशकको उत्तरार्धमा देखिएको "राज्यको आधुनिकीकरण" सम्बन्धी विश्वव्यापी आग्रहसँग सम्बन्धित छ। सुशासन शब्द सन् १९९० को दशकपछि अचानक प्रयोगमा ल्याइएको हो। यो शब्द व्यापक रूपले प्रयोगमा सन् १९९० पछि आए तापनि यो शब्दावली नयाँ भने होइन। सुशासनको अवधारणा राज्य सञ्चालन इतिहास जत्तिकै पुरानो मानिएको छ। सुशासनको अवधारणा पश्चिमी देश तथा दाता संस्थाहरूद्वारा तेस्रो विश्वका देशहरूको शासन व्यवस्थामा सुधार ल्याउने प्रयोजनका लागि सहायता सर्तको रूपमा अघि सारिएको हो।

विश्व बैंकको प्रतिवेदनका 'वर्ल्ड गभर्नेन्स इन्डिकेटर' का सबै परिसूचकमा नेपालको स्कोर ऋणात्मक हुनु चिन्ताको विषय हो। समग्रमा नेपालको सुशासनको स्थिति कमजोर छ, जुन नेपालीहरूका लागि गम्भीर विषय हो। व्यवहारमा हेर्दा पनि सामान्य सरकारी कामका लागि घुस दिनुपरेको, सेवा वितरण निष्पक्ष नभएको, ढिलासुस्ती र रुखो व्यवहारले जनताले सास्ती खप्नुपरेको जस्ता विसङ्गति विभिन्न सर्वेक्षणहरूले देखाएका छन्। निःशुल्क वितरण गरिने भनिएको औषधी उपत्यकाकै अस्पतालमा नपाइएको, ग्रामीण भेगका स्वास्थ्य संस्थाहरू कार्यालय सहयोगीको भरमा चलिरहेको, सिटामोलसमेत ती संस्थाहरूमा नरहेको, पाठ्यपुस्तकहरू परीक्षा हुने बेलासम्म उपलब्ध नभएको, विद्यालयहरूमा कहीं विद्यार्थी नभएको र कहीं खेताला शिक्षकको भरमा सञ्चालन भइरहेको, किसानले एकातिर मल नपाएको र अर्कोतिर

आफ्ना उत्पादनले उचित मूल्य नपाएकाले सडकमै फाल्नुपरेका जस्ता समाचारहरू सार्वजनिक भइरहेका छन्।

सङ्घ, प्रदेश तथा स्थानीय तहले नियमित र आवधिक रूपमा अनुगमन तथा मूल्याङ्कनको कार्य गर्नु/गराउनुपर्ने गरी जिम्मेवारी किटान गरिएको छ। अनुगमन र मूल्याङ्कनको विषय छुट्टाछुट्टै रूपमा स्पष्ट किटान गरिएको छ। यसबाट अनुगमन र मूल्याङ्कनको अर्थ र दायरा स्पष्ट हुन गएको छ। राष्ट्रिय योजना आयोगलाई मूल्याङ्कनको मापदण्ड तोक्ने जिम्मेवारी दिएको छ, साथै अनुगमन र मूल्याङ्कनको सम्बन्धमा आयोगले दिएको निर्देशन सबै निकायले पालना गर्नुपर्ने कर्तव्य हुनेछ।

शासन र शासन प्रणालीको अन्तिम ध्येय मानव जातिको समृद्धि प्राप्त गर्नु भएकोले लोकहित प्राप्तिका लागि उल्लेखित चरित्रको व्यावहारिक र अर्थपूर्ण अभ्यास अपरिहार्य हुन्छ। कर्मचारीलाई स्पष्ट कामको विभाजन र जिम्मेवारी तोकिनाले कार्य बोझ कम हुने, कार्य शक्ति दिँदा मातहतका कर्मचारीलाई कार्य गर्न उत्प्रेरित गर्न सकिने, सरल, सहज र कम समयमा सेवा प्रवाहको सुनिश्चितता गरिँदा ग्राहकको संयम, श्रम र लागतको बचत हुने, कर्मचारीले आफूलाई अपमान भएको महसुस नगर्ने लगायतका कारण सेवा प्रवाह उत्कृष्ट बन्दै जान सक्छ। व्यवहारले आत्मालाई जित्न सक्ने भएकाले कर्मचारी, ग्राहक र सरोकारवाला पक्ष एवं नागरिक समाजसमेतमा सकारात्मक अनुभूति सिर्जना हुने गर्दछ। वास्तविक कार्य सम्पादनका आधारमा पुरस्कार दिने प्रणालीको विकास गर्ने, उच्च तहमा एउटा विशेष समितिको व्यवस्था गरी सेवा प्रवाहको अवस्था र गुणस्तर हेर्ने व्यवस्था गर्ने, कर्मचारीको सन्तुष्टिको अवस्थालाई मापन गर्न विशेष सूचकहरूको व्यवस्था गर्ने जस्ता माध्यमले समेत सेवा प्रवाहमा उत्कृष्टता ल्याउने गर्दछ।

नेपालको संविधान २०७२ को भाग ४ अन्तर्गत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ मा राज्यका नीतिहरूको (ख) नं.मा राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीतिहरूमा उल्लेख गरिएअनुसारः १) राजनीतिक उपलब्धिको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने, २) मानव अधिकारको संरक्षण र संवर्धन गर्दै विधिको शासन कायम राख्ने, ३) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने, ४) सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने, ५) आमसञ्चारलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने, ६) सङ्घीय इकाइका बिच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने।

सुशासनको अवधारणा

कतिपय सन्दर्भहरूमा सुशासनका विषयमा चर्चा गर्दा सरकार र सुशासन एक-अर्काका पर्यायवाचीका रूपमा पनि व्याख्या एवं विश्लेषण गरिएको पाइन्छ। तर यी दुई विषयमा धेरै भिन्नताहरू छन्। सुशासन राज्य सञ्चालनका धेरै अङ्गहरूको क्रियाकलाप हो भने सरकार त्यसको सानो अङ्ग मात्र हो। सरकार मात्र राम्रो हुँदैमा सुशासन हुन्छ भन्ने छैन, तर राम्रो सरकार सुशासनका लागि पूर्वसर्त हो। शासकीय प्रबन्धमा थुप्रै पात्रहरू संलग्न हुन्छन्, तीमध्ये सरकार पनि एउटा पात्र हो। सरकार र सुशासनको विषय मिल्दोजुल्दो देखिए पनि यसरी मिल्नु केवल संयोग मात्रै हो। अधिकांश मुलुकहरूमा सुशासनलाई त्यहाँको सरकारसँग गाँसेर हेरिन्छ। त्यसरी हेर्नु गलत पनि होइन, किनभने सुशासनको मुख्य आधारशिला पनि सरकार नै हो। राज्यका सक्रिय खेलाडीमध्ये सरकार नै त्यस्तो खेलाडी हो जोसँग राज्यलाई बनाउने र बिगार्ने धेरै ठाउँ र भूमिका हुन्छ। तर सुशासनको एक मात्र सत्य सरकार भने होइन। सरकार जनताप्रति सधैं उत्तरदायी हुन्छ। जनताको सर्वोत्तम हितका निम्ति सरकारको क्रियाशीलता छ कि छैन? सरकार जनताको नजिक छ कि छैन? जनतालाई निर्णय प्रक्रियामा सहभागी गराइएको छ कि छैन? यी प्रश्नले सरकार सुशासनमा महत्त्वपूर्ण हिस्सा राख्दछ। शासकीय संरचनाभित्र सरकार पनि एउटा महत्त्वपूर्ण हिस्सा भएकोले सुशासनका विषयमा चर्चा गर्दा सरकारप्रति बढी कटाक्ष गरिनु यसकारण पनि स्वाभाविक नै देखिन्छ[§]। शासन कार्य व्यवस्थापनको समग्र पद्धतिलाई बुझिन्छ। यो हरेक देशको मौलिक विशेषता र विशिष्टतामा निर्भर गर्दछ। मुख्य रूपमा संसारमा एकात्मक वा सङ्घात्मक, संसदीय वा अध्यक्षात्मक तथा निरङ्कुश वा लोकतान्त्रिक शासन प्रणाली अभ्यास भएको पाइन्छ।

शासन भन्नेबित्तिकै कल्याणकारी शासन व्यवस्था सम्झनुपर्छ। शासनमा हुनुपर्ने गुणहरू भएमा त्यसबाट राष्ट्र तथा जनताले प्राप्त गर्ने सेवा तथा सुविधा र राष्ट्रोन्नति हुने भएकाले सुशासन भनिरहन आवश्यक थिएन, तर अहिलेको विज्ञान तथा प्रविधिको होडबाजीले गर्दा दुःशासनको प्रवृत्ति बढ्दै गएको हुँदा 'सुशासन' शब्दलाई प्रचलनमा ल्याइएको हो कि जस्तो देखिन्छ। सन् १९९६ मा भएको UN Conference on Human Settlement ले पनि Good Governance लाई जोड दिएको छ। त्यहाँ केन्द्रीय सरकारले मात्रै जनतालाई सेवाहरू पुऱ्याउन नसक्ने भएकाले सुशासनको अवधारणालाई यसरी उल्लेख गरिएको छ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको कार्यपत्रमा भनिएको छ, "शासन भनेको राष्ट्रको सार्वजनिक मामिलाको व्यवस्थापनका लागि राजनीतिक शक्तिको प्रयोग हो" रविन्सको विचारमा, "शासन भनेको

[§] स्रोतः खनाल राजन, सुशासनका केही पक्षहरु, पराग (राजस्व विशेषाङ्क, तेस्रो अङ्क), नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, अर्थ मन्त्रालय।

विविध संस्थागत प्रसङ्गमा शक्तिको प्रयोग हो, जसको उद्देश्य नागरिक, मतदाता र कामदारका रूपमा रहेका जनताका हितसम्बन्धी क्रियाकलापहरूको निर्देशन, नियन्त्रण र नियमन गर्नु हो, टमक बिर्सटेकर भन्दछन्, "शासन भनेको अनिवार्य रूपले उद्देश्यमूलक हुन्छ र यसलाई सचेत उद्देश्य वा अभिप्राय नचाहिने व्यवस्थाभन्दा भिन्न ठान्नुपर्छ। शासनबिना पनि व्यवस्था अस्तित्ववान् हुनसक्छ, तर शासनका लागि केही हदसम्मको व्यवस्था चाहिन्छ।"

सुशासनको अवधारणा पश्चिमी देश तथा दाता संस्थाहरूद्वारा तेस्रो विश्वका देशहरूको शासन व्यवस्थामा सुधार ल्याउने प्रयोजनका लागि सहायता सर्त (Aid Conditionality) का रूपमा अघि सारिएको देखिन्छ। यी दाता संस्थाले सुरुमा वैदेशिक सहायताको प्रयोगको सर्तका रूपमा खुला प्रतिस्पर्धी एवं बजारमुखी अर्थ व्यवस्थाको प्रबन्ध गर्न शासन व्यवस्थामा सुधार ल्याउन सहयोग गर्नका लागि यो अवधारणा अघि सारेका हुन्। त्यसपछि गैर-सरकारी, निजी क्षेत्र तथा नागरिक समाजसमेतको सहभागिताबाट मात्र विकासोन्मुख राष्ट्रको सर्वाङ्गीण विकास गर्न सकिन्छ भन्ने अवधारणाका रूपमा सुशासनलाई चर्चा गरियो। सुशासनमा सरकारका अतिरिक्त निजी, गैर-सरकारी क्षेत्र, गैर-सरकारी संस्था तथा नागरिक समाज सबैको सहभागिता सुनिश्चित गरिन्छ। यसरी विकासको केन्द्रबिन्दु मानिएको जनता स्वयंको प्रतिनिधित्व गरिने शासनले विकास प्रभावकारिता सुनिश्चित गर्दछ। सुशासनले व्यापक जनसहभागितामा जोड दिन्छ। विधिको शासन र जवाफदेही कर्मचारीतन्त्रलाई जोड दिने भएकाले यसले ग्रामीण विकासमा सकारात्मक प्रभाव पार्दछ। जनताप्रति उत्तरदायी सरकार हुने भएकाले जनताका चाहना र आवश्यकताको सम्बोधन हुन्छ। सुशासनले लैङ्गिक समानता र जन सशक्तीकरणमा जोड दिने भएकाले सामाजिक विभेदको अन्त्य हुन्छ। सूचना तथा अभिव्यक्तिको अवसर दिने भएकाले जनताहरू सुसूचित हुन पाउँछन्। यसले ग्रामीण विकासमा पार्ने प्रभावलाई निम्नअनुसार देखाउन सकिन्छः

- सरकारका तीन अङ्गका बिच सौहार्दपूर्ण र हार्दिक सम्बन्ध स्थापित गरेर;
- आर्थिक स्थिरता कायम गरेर;
- मानव अधिकार, महिला, बाल अधिकार, लैङ्गिक विभेद, सामाजिक विभेदको अन्त्य गर्दै क्रान्तिकारी परिवर्तन ल्याउन सहयोग गरेर;
- भ्रष्टाचारमुक्त कर्मचारीतन्त्र निर्माण गरेर;
- आधारभूत मानव अधिकार, स्वतन्त्रता र अधिकारको सुनिश्चितता गरेर;
- सक्रिय र उत्तरदायी सरकार निर्माण गर्न सहयोग गरेर;
- नागरिकलाई राम्रा अवसरहरू उपलब्ध गराएर;
- द्वन्द्व र ध्वंस न्यूनीकरण गरेर;
- अख्तियार दुरुपयोगलाई हतोत्साहित गरेर;
- गरिबी निवारण र बेरोजगारी समस्या समाधानमा योगदान पुर्‍याएर;

- जनताको जीवनस्तर सुधार्नमा सहयोग गरेर;
- प्रादेशिक प्रशासन यन्त्र कायम गरेर;
- सार्वजनिक सेवा सुविधा उपलब्ध गराएर।

सन् १९९६ मा टर्कीमा भएको संयुक्त राष्ट्र सङ्घको मानव बसोबास सम्बन्धी सम्मेलनमा जवाफदेही, दूरगामी, जिम्मेवारीपूर्ण सरकारको प्रक्रियालाई 'Clean State' को आवश्यकता पर्दछ र यो सुशासनको राज्य हो भनी उक्त कार्यपत्रमा सुशासनलाई महत्त्व दिइएको थियो। त्यस्तै गरी सन् २००० को सेप्टेम्बरमा सम्पन्न सहस्राब्दी शिखर सम्मेलनमार्फत विश्वभरका नेताहरूले सुशासनलाई गरिबी निवारण र दिगो विकासको एक एजेन्डाका रूपमा स्वीकार गरी सहस्राब्दी विकासका लक्ष्यहरू (MDGs) मा यसलाई प्रतिबिम्बित गरेका छन्।

संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (UNDP) अनुसार सुशासन भनेको विधिको शासन, पारदर्शिता, जवाफदेहीपन, सहभागिता, समता, प्रभावकारिता तथा कुशलता, उत्तरदायित्व र राजनीतिक, आर्थिक एवं प्रशासनिक अधिकारको अभ्यासमा रणनीतिक दूरदृष्टिका लागि प्रयास गर्नु हो।

पाण्डे, (२०७६) का अनुसारः १) नागरिकको प्रत्यक्ष सहभागितामा आधारित, जनसहभागितामूलक शासन व्यवस्था; २) जनताप्रति प्रत्यक्ष उत्तरदायी सरकार सञ्चालन, समग्र शासन प्रक्रियामा पारदर्शिता अवलम्बन, विधि, पद्धति र कानुनमा आधारित शासन व्यवस्था; ३) सरोकारवालाप्रति जवाफदेहीतासहितको शासन सञ्चालन; ४) निर्णय प्रक्रियामा सरोकारवालाको सहभागिता, प्रशासनको सरलीकरण र जनमुखी सेवा प्रवाह; ५) सामाजिक न्याय र समावेशीतामा आधारित समाज निर्माणमा जोड; ६) आर्थिक अनियमितता र भ्रष्टाचाररहित समाजको परिकल्पना; ७) राज्यका सबै क्षेत्रमा दण्डहीनताको अन्त्य र कानुनको परिपालना; ८) आर्थिक रूपमा वित्तीय जवाफदेहीता प्रवद्र्धन; ९) निष्पक्ष, जनमुखी र स्वतन्त्र प्रेसको व्यवस्था।

Department of Administrative and Public Governance ले Good Governance Index मा १० वटा क्षेत्र र ५१ वटा सूचकको आधारमा सुशासनलाई मापन गर्न सकिने कुरा उल्लेख गरेको छः

१. कृषि र सहयोगी क्षेत्र

२. वाणिज्य र उद्योगहरू

३. मानव संसाधन विकास

४. सार्वजनिक स्वास्थ्य

५. सार्वजनिक पूर्वाधार र उपयोगिता

६. आर्थिक शासन

७. सामाजिक कल्याण र विकास

८. न्यायपालिका र सार्वजनिक सुरक्षा

९. वातावरण

१०. जनकेन्द्रित शासन।

नेपालको शासन प्रणालीको आधारभूत चरित्र

नेपालमा शासन प्रणालीका आधारभूत चरित्रहरू देहायबमोजिम रहेका छन्:

सङ्घीय शासन प्रणाली: (क) नेपाल सङ्घीय राज्य (धारा-७४); (ख) तीन तह हुने (धारा-५६); (ग) सङ्घीय शासकीय स्वरूप (धारा-७४)।

बहुदलीय प्रतिस्पर्धात्मक शासन प्रणाली: (क) सार्वभौम र राजकीय सत्ता जनतामा निहित (धारा-२); (ख) लोकतान्त्रिक राज्य (धारा-४)।

गणतान्त्रिक शासन प्रणाली: अन्तरिम संविधान, २०६३ को चौथो संशोधन २०६५ जेठ १५ ले नेपालमा राष्ट्रपति र उपराष्ट्रपतिको व्यवस्था गर्दै गणतन्त्रात्मक शासनको ऐतिहासिक युग प्रारम्भ गरेको हो।

संसदीय शासन प्रणाली: (क) शासकीय स्वरूप संसदीय हुने (धारा-७४); (ख) धारा-८४ को प्रतिनिधि सभाबाट धारा ७६ बमोजिम सङ्घीय मन्त्रीमण्डल गठन हुने।

खुला र उदार शासन प्रणाली: (क) खुला र उदार अर्थनीति आत्मसात् गरेको; (ख) सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीमा जोड दिएको।

सुशासनमा आधारित समानुपातिक, समावेशी र सहभागितामूलक शासन प्रणाली : समाजवाद उन्मुख राज्य (धारा-४)।

उल्लेखितलगायतका विशेषताहरू आधुनिक राज्य प्रणालीमा हुने भएकाले ती चरित्रहरू नेपालको शासन प्रणालीको आधारभूत चरित्रसँग मेल खान्छन्। सुशासनका औजारहरूमा नागरिक बडापत्रको विशेष महत्त्व रहेको छ। नागरिकलाई छिटो, छरितो सेवा प्रवाह गर्न, गुनासो सुनुवाइको व्यवस्था गर्न, सेवामा शिष्टता ल्याउन, सार्वजनिक पदाधिकारीमा पारदर्शिता र जवाफदेहिताको बोध गराउन, सेवाको गुणस्तर वृद्धि गर्नका लागि नागरिक बडापत्रको प्रचलन बेलायतबाट सुरु भएको हो। तर यो अवधारणा एकैचोटि प्रचलनमा आएको नभई क्रमिक रूपमा विकास हुँदै आएको सेवा प्रभावकारिताको नयाँ अवधारणा हो। नागरिक बडापत्र निर्देशिका (२०६९) जारी गरिएको छ। विशेष गरी नागरिक बडापत्रमा निम्नलिखित

विषयवस्तु समावेश गरिएका हुन्छन्: सुविधाको नाम र विवरण, सेवा र सुविधाको गुणस्तर, सेवा सुविधाका लागि जिम्मेवार कर्मचारी, सेवा सुविधाका प्रक्रियाहरू, सेवा सुविधाको मूल्य र दस्तुर, सेवा सुविधामा कमीकमजोरी भएमा उजुरी सुन्ने अधिकारी, सेवा सुविधाको उपचार विधि।

अध्ययनका उद्देश्यहरू (Objectives of Study)

यस अध्ययनको मुख्य उद्देश्य खास गरेर तीनवटा महत्त्वपूर्ण विषयहरूलाई समेट्नु हो:

(क) नेपालमा सुशासनको परिभाषा तथा सुशासनको वर्तमान अवस्था र स्थिति;

(ख) नेपालमा सुशासनको कार्यान्वयनमा देखा परेका समस्या तथा चुनौतीहरू के-के हुन्?

(ग) नेपालमा सुशासनसम्बन्धी नीति तथा कार्यक्रमहरू लागू गरिसकेपछि हालसम्म स्थानीय आर्थिक विकासको कार्यसम्पादन कस्तो रहेको छ? साथै, सङ्घीयता कार्यान्वयन राम्रोसँग भएको छ वा छैन र कार्यसम्पादनमा के-कस्ता समस्या तथा चुनौतीहरू आइरहेका छन्? त्यस्ता समस्या तथा चुनौतीहरूलाई कसरी समाधान गर्ने?

अध्ययन विधि (Research Methodology)

यस अध्ययनमा प्राथमिक तथ्याङ्क (Primary Data) को विषयमा राम्रोसँग अध्ययन गर्न पाइएको छैन। प्राथमिक तथ्याङ्कअनुसार अन्तर्वार्ता, अवलोकन, भ्रमण, अनुसूची तथा वैयक्तिक अध्ययन, चित्र, नक्सा आदिजस्ता महत्त्वपूर्ण विषयहरूलाई अध्ययन गरेर समावेश गर्न पाइएको छैन।

यस अध्ययनमा खास गरेर द्वितीय तथ्याङ्क (Secondary Data) लाई मात्र बढी ध्यान दिएर अध्ययन गरिएको छ। जस्तैः पुस्तकहरू, पत्रपत्रिका, पुस्तकालयमा (Journal) समावेश भएका जर्नलहरू, शोधग्रन्थहरू, कार्यालयका प्रतिवेदनहरू आदिजस्ता सामग्रीहरूको अध्ययन गरेर यस लेखमा समावेश गरिएको छ।

अध्ययनका सीमाहरू (Limitations of the Study)

यस अध्ययन खास गरेर समय तथा सीमालाई ध्यानमा राखेर लेखिएको हुनाले सबै महत्त्वपूर्ण विषयहरू समावेश हुन सकेका छैनन्।

शीर्षकअनुसार अध्ययन गरेर लेख तयार गर्नुपर्ने भएकोले सबै कुराहरू यस लेखमा समावेश गर्न पाइएको छैन।

सुशासनको विषय छनोट गरिएकोले यस विषयमा धेरै कुराहरू समावेश हुने भए तापनि यो लेख सीमित जानकारीमा आधारित भएकाले थोरै कुराहरू मात्रै राखिएको छ। धेरै विषयहरू अध्ययन गरेर पनि यस लेखमा समावेश गरिएको छैन।

नेपालमा सुशासनको अवस्था र यसको विश्लेषण

नेपालको संविधानको भाग ४, राज्यको निर्देशक सिद्धान्त अन्तर्गत धारा ५१ मा सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने भनिएको छ। त्यसैअनुसार कुनै पनि विशिष्ट पदमा योग्य, सक्षम र इमानदार व्यक्तिलाई नियुक्त गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गरी नियुक्तिपूर्व प्रस्तावित उम्मेदवारका सम्बन्धमा सार्वजनिक बहस हुनुपर्ने व्यवस्था गरिएको छ। संवैधानिक निकायका पदाधिकारीको नियुक्तिका लागि संवैधानिक परिषद् वा न्याय परिषद्ले गर्ने सिफारिसलाई पारदर्शी, उत्तरदायी र निष्पक्ष बनाउन परिषद्बाट प्रस्तावित नामावली संसद्मा पठाई संसदीय सुनुवाइ गर्ने गरिएको छ।

यस्तै, सार्वजनिक प्रशासनमा पारदर्शिता र जवाफदेहिताका साथै सदाचारिता अपरिहार्य रहन्छ। यसले व्यक्तिमा आत्मनियन्त्रण र स्वउत्प्रेरणा वृद्धि गर्छ। सार्वजनिक प्रशासनमा हुने ढिलासुस्ती, लापरबाही र अधिकारको दुरुपयोगलाई निरुत्साहित गर्छ। सरकारी कामकारबाहीलाई छिटो-छरितो गराउन सहयोग पुऱ्याउँछ। सरकार तथा सार्वजनिक सेवाप्रति सेवाग्राहीको विश्वास अभिवृद्धि गर्छ। महत्त्वपूर्ण सरकारी अभिलेखको गोपनीयता कायम तथा संरक्षण गराउँछ। सुशासन कायम गर्न पारदर्शिताले सहयोग पुऱ्याउँछ। राष्ट्रसेवक कर्मचारी सक्षम, योग्य, सदाचारी र पारदर्शी भएनन् भने जनताले सुलभ सेवा पाउँदैनन्।

सुशासन प्रवद्र्धन गर्नका लागि भ्रष्टाचारको मूल सफा गर्नु पहिलो खुड्किलो हो। यसका लागि भ्रष्टाचार नियन्त्रणका नीतिगत, संस्थागत र कार्यविधिगत संयन्त्रलाई प्रबलीकरण गरी निरोधात्मक, उपचारात्मक र प्रवद्र्धनात्मक विधिबाट भ्रष्टाचारमुक्त बनाउनैपर्छ। कानुनी सर्वोच्चता र शीघ्र न्याय सम्पादन एवं सक्षम न्यायपालिकाको विकास अपरिहार्य छ। लोकतन्त्रको लाभलाई जनस्तरमा पुऱ्याउन शासन संयन्त्रमा जनताको सर्वाधिक सहभागिता सुनिश्चित गर्नु, सामाजिक न्यायसहितको संरक्षणात्मक कार्यक्रम लागू गर्नु, जनताको आवाजलाई कानुनमा प्रतिविम्बन गर्नु, विकासमा जनसहभागिता र कार्य प्रक्रियामा पारदर्शिता सुनिश्चित गर्न सक्नुपर्छ। राजनीतिक स्थायित्व, जनप्रतिनिधिमूलक शासन व्यवस्था, दिगो शान्ति, खाद्य सुरक्षा, गुणस्तरीय शिक्षा, स्वस्थ जीवनशैली र स्वास्थ्य पहुँच सुनिश्चित गरिनुपर्छ। जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण, वातावरण संरक्षण र वातावरणमैत्री विकास तथा शासनप्रति नागरिकको गौरव, सन्तुष्टि र भरोसा जाग्नु र जगाउनु पनि सुशासनसँग सम्बन्धित छ। लैङ्गिक समानता र सन्तुलन,

समावेशी र सुशासनयुक्त संस्था, मर्यादित रोजगारी र विविधताको सम्मानले सामाजिक स्वीकार्यता बढ्ने र कार्यगत एकता सुदृढ हुने गर्छ। शान्ति, सुशासन, विकास र समृद्धिका लागि सर्वपक्षीय कार्यगत एकता र समन्वय आवश्यक छ। तर, शासकीय संयन्त्र, पात्र र प्रवृत्तिको नागरिकको जीवनमा शान्ति, समृद्धि र खुसी ल्याउन अझै पनि केन्द्रित हुन सकेको छैन। शक्ति पृथकीकरण र सन्तुलनको राम्रो अभ्यास हुन नसक्दा देशको भनिएको चर्चित नारा ओझेलमा परेको छ भने जनताको समृद्धितर्फको यात्रामा तुसारो पर्दै गएको छ।

हालै सार्वजनिक गरिएको २०८२ वैशाख अन्तिमको महालेखाको प्रतिवेदनले राज्यकोषको बेरुजु ११ खर्ब ८३ अर्ब २६ करोड रुपैयाँ औंल्याएको छ। सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति तथा अन्य संस्थासमेतको ७८ खर्ब ८० अर्ब ८७ करोड रुपैयाँको लेखापरीक्षण गर्दा यस वर्ष १ खर्ब २७ अर्ब ७४ करोड बेरुजु देखिएको उसले बताएको छ। यता नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्याङ्कले भन्छः मुद्रास्फीति ३.७५ प्रतिशत छ। वस्तु व्यापार घाटा ६.२ प्रतिशतले वृद्धि भई ९८७ अर्ब ३९ करोड पुगेको छ। सेवा आय ७५ अर्ब १३ करोडले घाटामा रहेको छ। विप्रेषण ९.४ प्रतिशतले वृद्धि भई १०५१ अर्ब ७७ करोड पुगेको छ। आन्तरिक कर्जा १.८ प्रतिशतले बढेको छ। साधारण खर्च अत्यधिक बढेको छ। अझै पनि देशको वर्तमान तथ्याङ्कले दैनिक २ हजार हाराहारीमा युवा विदेश पलायन भएको देखाउँछ। देशमा उद्यम र उद्यमशीलता हराउँदै जानु, शैक्षिक बेरोजगारी बढ्नु, कृषि क्षेत्रलाई पाखा लगाउनु, भएका उद्योगधन्दा रुग्ण हुनु, शैक्षिक क्षेत्रले समयमा शैक्षिक क्यालेन्डरअनुसार शिक्षण संस्था नहिँडाउनु आदि समस्याहरू देखिएका छन्।

विश्व बैंकले भर्खरै सार्वजनिक गरेको 'नेपाल विकास प्रतिवेदनः आर्थिक वृद्धि उकास्नका लागि उद्यमशीलताको लाभ उपयोग तथा सुधार कार्यान्वयन÷ ले गत वर्षको तुलनामा यस वर्ष आर्थिक वृद्धिमा सुधार हुने प्रक्षेपण गरेको छ। प्रतिवेदनले आगामी दुई आर्थिक वर्ष (२०८२/८३ र २०८३/८४) मा नेपालको अर्थतन्त्रले औसत ५.४ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने विश्व बैंकको प्रक्षेपण छ। विश्व बैंकले आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.५ प्रतिशत हुने प्रक्षेपण गरेको छ। यता राष्ट्रिय तथ्याङ्क कार्यालयले पनि आर्थिक वर्ष २०८१/८२ को दोस्रो त्रैमाससमा मुलुकको आर्थिक वृद्धिदर ५.१ प्रतिशत रहने प्रक्षेपण गरेको छ। कार्यालयको दोस्रो त्रैमासिक कुल गार्हस्थ्य उत्पादन (जीडीपी) प्रतिवेदनले ५ प्रतिशतभन्दा बढीको आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको हो। यो अवस्थालाई मध्यनजर गर्दै सरकारको यात्रा तय भएमा मात्र ऊ नारा नजिक उभिएको भनेर भन्न सकिन्छ।

सुशासन, समृद्धि र समन्यायिक विकास हरेक नागरिकको अधिकार, अपेक्षा र अपरिहार्यता हो। देश विकासका सम्भावनालाई उजागर गर्दै राज्यप्रदत्त सेवासुविधाबाट कुनै पनि नागरिक वञ्चित हुनु हुँदैन। जनताको नाममा विनियोजित हरेक सिक्काको सदुपयोग हुने अवस्था सुनिश्चित गर्ने महत्त्वपूर्ण पक्षलाई

अधिकारभित्र राखिनैपर्छ। मनलागी ढङ्गले अधिकारको दुरुपयोग गरी आफ्नो स्वार्थ पूरा गर्न खोज्ने गलत प्रवृत्तिको निरन्तर निगरानी र कारबाही अपरिहार्य छ। उसै पनि सीमाविहीन अपराधको रूपमा विस्तार हुँदै गएको भ्रष्टाचार मुलुकको चासो र चुनौतीको विषय बनेको छ। तर, सम्बन्धित क्षेत्रमा बढेको अनियमितता रोक्ने संस्था वा अभियानलाई अङ्कुश लगाइनाले कुशासनले जरा गाडेको प्रस्ट छ। राजनीतिक दलहरूको लेखाप्रणाली अपारदर्शी भएकै कारण भ्रष्टाचार घट्नुभन्दा पनि दिनदिनै बढ्दै गयो। केही दशकदेखि विभिन्न तन्त्र र वादको नाममा नियमहरूको धज्जी उडाइयो। आयोजनामा अपारदर्शी कार्य बढ्नाले पनि अस्थिरतालाई मलजल पुग्न गयो।

सार्वजनिक सेवाका मूल्य सरल, सान्दर्भिक र व्यावहारिक हुनुपर्छ। नेपालको सार्वजनिक प्रशासनमा सेवा मूल्य घोषणा गर्ने चलन छैन। आचरण र अनुशासनका प्रावधानबाट अन्तर्राष्ट्रिय प्रचलनमा रहेका मूल्यका भावनालाई सीमित रूपमा लिने प्रयास गरिएको छ। सङ्घीय संसद्मा विचाराधीन निजामती सेवा विधेयकमा निजामती सेवाका सिद्धान्तहरू प्रस्तावित छन्, तर ती मूल्यको भावनालाई व्यापकता दिन पर्याप्त छैनन्। पहिला मूल्यको घोषणा, त्यसपछि सोको विस्तृतीकरण स्वरूप सिद्धान्त र यिनलाई कार्यरूप दिन आचरण र अनुशासनका व्यवस्थाहरू सिलसिलाबद्ध सम्बद्धतामा गर्नुपर्छ। अहिले सङ्घीय निजामती सेवा ऐन संसदीय छलफलको क्रममा छ। संसदीय समितिले विधेयकलाई पूर्णता दिन र सार्वजनिक प्रशासनको मार्गदर्शक सिद्धान्तका रूपमा सार्वजनिक सेवाका मूल्यलाई घोषणा गर्न आवश्यक छ।

सार्वजनिक सेवाका आधारभूत मूल्यमा सदाचारिता, निष्पक्षता, सेवाप्रति समर्पणभाव, समानुभूति, सहनशीलता, निष्ठा (अनुराग) र व्यावसायिकतालाई लिनु उपयुक्त हुन्छ। सेवाग्राहीप्रति आदर, इमानदारी, विश्वसनीयता र खुला व्यवहारका साथ सार्वजनिक स्रोतसाधनमा लालच नराख्नुलाई यसअन्तर्गत समेट्नुपर्छ। सदाचारीहरू सार्वजनिक जिम्मेवारी लिनुअघि निजी स्वार्थ र लोभलाई छाडेर सेवाप्रति समर्पित रहेर सदाचारिता प्रदर्शन गर्छन्। (स्रोतः गोपीनाथ मैनाली, सार्वजनिक सेवाको मूल्य, गोरखापत्र, फागुन १४, २०८१)।

सुशासनलाई तथ्यमा भन्दा जनताको अनुभूतिमा मूल्याङ्कन गर्नुपर्ने हुन्छ। त्यसैले यसका मूल आधारहरू, आयाम र यसले समेट्ने विविध तत्त्वहरूमा व्याख्या गर्नु व्यावहारिक हुन्छ। पारदर्शिता र उत्तरदायित्व, जनताको स्वामित्व, समता र पूर्वानुमेयता यसका चार खम्बाहरू मानिन्छन्। अझ यसलाई तीन मुख्य पक्षहरूमा सरल रूपमा बुझ्न सकिन्छः पहिलो, अवलम्बन गरिएको प्रक्रिया (Process) पारदर्शी छ वा छैन; दोस्रो, दिइने सेवाको बनोट (Content) ले न्याय र समताको प्रत्याभूति गर्दछ वा गर्दैन; तेस्रो, वितरणीय सेवा (Deliverable) ले गरिब र पछि परेकाहरूको जीवन प्रतिष्ठापूर्ण बनाउन मद्दत गर्दछ वा गर्दैन। यी तीन पक्ष सकारात्मक महसुस भयो भने सुशासन छ भन्न सकिन्छ। विश्व बैंकले कुनै पनि देशको सुशासनको मूल्याङ्कन गर्न छवटा सूचकहरू विकसित गरेको छः जनताको आवाज र उत्तरदायित्व,

राजनीतिक स्थिरता, सरकारको प्रभावकारिता, नियमन गुण, विधिको शासन र भ्रष्टाचार नियन्त्रण। हरेक वर्ष यी सूचकहरूको आधारमा विभिन्न देशहरूको सुशासनको स्थिति देखाउने गर्दछ। योबाहेक ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचारको स्थिति, वर्ल्ड जस्टिस प्रोजेक्ट ले विधिको शासनको अवस्था, पब्लिक इन्टिग्रिटी संस्थाले पारदर्शिता र उत्तरदायित्वको स्थिति र विश्व बैंककै वर्ल्ड ह्यापिनेस इन्डेक्स ले खुसीको मापन गर्ने गर्दछ।

सार्वजनिक निकायले सेवा प्रवाहका लागि विद्युतीय प्रणालीलाई प्रवर्द्धन गर्नुपर्ने र यस्तो प्रणालीमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र योजना आयोगको पहुँच हुनुपर्नेछ। अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यलाई व्यवस्थित र छिटो-छरितो बनाउन विद्युतीय माध्यमबाट व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्जालीकरण गर्नुपर्ने गरी दायित्व किटान गरिएको छ। विभिन्न मन्त्रालयले छुट्टाछुट्टै निर्माण गरी सञ्चालन गरिएका व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी उपयोग हुन सकेको छैन। ऐनको दफा २८ ले योजना आयोगलाई अनुगमन तथा मूल्याङ्कन कार्यलाई व्यवस्थित बनाउन विद्युतीय व्यवस्थापन प्रणालीको विकास र सञ्जालीकरण गर्ने जिम्मेवारी दिएको छ। यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सञ्चालन गरिएको एकीकृत अनुगमन प्रणालीलाई थप सुधार गरी नेपाल सरकारका सबै निकाय समावेश हुने गरी कार्यान्वयन गर्न सकिने विकल्प पनि छ।

नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली सञ्चालनका लागि प्रत्येक सार्वजनिक निकायले नयाँ आयोजनाको हकमा त्यस्ता आयोजना वा कार्यक्रमको स्वीकृत गर्दाको चरणमा र सालबसाली आयोजनाको हकमा हरेक आर्थिक वर्षको सुरुवातकै हप्तामा सो आर्थिक वर्षभित्र अनुगमन र मूल्याङ्कनका लागि उपलब्ध बजेट र जनशक्तिको सीमाभित्र रही गर्न सकिने अनुगमन र मूल्याङ्कनका लागि आयोजना वा कार्यक्रम छनोट गरी कार्य सम्पन्न गर्नुपर्छ। यसका लागि समयतालिका समेत किटान गरी सरोकारवाला निकायको जानकारीका लागि वेबसाइटमार्फत प्रकाशित गरी कार्यान्वयन गर्दा र ऐनले व्यवस्था गरेका प्रावधानलाई अक्षरशः कार्यान्वयन गरेमा पनि आर्थिक पारदर्शिता कायम भई समग्रमा मुलुकभित्र सुशासन कायम गर्नमा नै योगदान पुग्नेछ।

नेपालमा पनि सन् १९९० को राजनीतिक परिवर्तनपछि प्रजातन्त्र, समावेशीकरण, समता, न्याय र सहभागितासम्बन्धी धारणाले स्थान पायो। सन् २००६ को लोकतान्त्रिक आन्दोलन र सन् २०१५ को नयाँ संविधान निर्माण भएपछि त्यसले अझ व्यापक रूपमा औपचारिक तथा संवैधानिक हैसियत स्थापित भयो। मानिसका लागि पहिलो र आधारभूत अधिकार बाँच्ने अधिकार भएको कुरालाई सन् १९४५ को संयुक्त राष्ट्रसङ्घको बडापत्र, सन् १९४८ को मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, सन् १९६६ का नागरिक तथा राजनीतिक अधिकार तथा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्धले सुनिश्चित गरेका छन्।

शक्ति तथा अधिकारको दुरुपयोग शक्ति प्राप्त व्यक्तिबाट नै हुने हो। कानुन बन्नु वा बनाउनु र त्यसको प्रभावकारी कार्यान्वयन हुनु फरक कुरा हुन्। शक्तिले व्यक्तिलाई स्वेच्छाचारी बनाउन सक्छ। दण्डहीनताले प्रश्रय पाउँछ। दण्डहीनतामा कानुन उल्लङ्घनका प्रवृत्तिहरू मौलाउँछन्। यसले सामाजिक तथा राजनीतिक सम्बन्ध र संरचना, सामाजिक विचारधारा र संस्कृतिलगायत कानुन र न्यायमा समेत प्रभाव पार्न सक्छ।

नेपालको संविधान, २०७२ ले शक्ति पृथकीकरणको सिद्धान्तलाई अङ्गीकार गरेको छ। शक्ति सन्तुलनले सुशासनको सुनिश्चितता गर्छ। शक्तिको क्षेत्र र अधिकारलाई कानुनले निर्दिष्ट गर्छ। राज्यबाट निर्दिष्ट नीति तथा व्यवस्थाको उल्लङ्घन कानुनको उल्लङ्घन हो। जिम्मेवारी र कर्तव्य पालनाको सिलसिलामा नैतिकताको ठूलो भूमिका रहन्छ। व्यक्तिको नैतिकताले उसलाई गलत कार्य गर्नबाट रोक्छ। नैतिकता इच्छाशक्तिबाट प्रभावित हुन्छ।

चन्डलर गुड गभर्नमेन्ट इन्डेक्स (Chandler Good Government Index) ले विश्वमा सरकारहरूले प्रदान गरिरहेको सुशासनको अवस्थालाई मानकका आधारमा अध्ययन गर्छ। विश्वभरका ११३ सरकारको अध्ययनबाट उक्त इन्डेक्सले तयार गरेको सन् २०२४ को तथ्याङ्कले सिङ्गापुर, डेनमार्क, फिनल्यान्ड, स्विट्जरल्यान्ड, नर्वे, स्वीडेन, लक्जेमबर्ग, जर्मनी, नेदरल्यान्ड्स, आयरल्यान्ड, यूके, क्यानडा, न्युजिल्यान्ड, यूएई, अस्ट्रेलिया लगायतका मुलुकहरू क्रमशः अग्रपङ्क्तिमा रहेको देखाएको छ। हालको अवस्थामा नेपाल १०३औं स्थानमा रहेको बताउँछ।

सुशासनका अवधारणाहरू योजना र कार्यतालिकामा समावेश गर्दैमा जनताले सुशासनको अनुभूति गर्छन् भन्ने होइन। प्रभावकारी कार्यान्वयनका लागि शक्तिभित्रको इच्छाशक्ति बलियो हुनैपर्छ। प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० ले सार्वजनिक पद धारण गरेको व्यक्तिले सम्पत्ति विवरण बुझाउनुपर्ने अनिवार्य व्यवस्था गरेको छ। कानुनको उल्लेखित दफा प्रारम्भ हुँदाका बखत सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले ६० दिनभित्र र तत्पश्चात् हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण पेस गर्नुपर्ने व्यवस्था रहेको छ।

सामाजिक सुव्यवस्था तथा सुशासन कायम राख्न बनाइने नीतिनियम र व्यवस्थाहरूको दस्तावेज कानुन हो। प्रचलित कानुनको सबल कार्यान्वयनमा सम्बद्ध वर्गहरूको इच्छाशक्ति अपरिहार्य रहन्छ। तोकिएको जिम्मेवारी र कर्तव्य पालनामा सबै सरोकारी वर्ग स्वस्फूर्त रूपमा अगाडि बढ्न सक्नुपर्छ। कानुनविपरीत लुक्ने, लुकाउने, छल्ने, छलाउने र हेपाहा प्रवृत्तिहरू सुशासनका बाधक हुन्। सुशासनका लागि लिपिबद्ध कानुन तथा सिद्धान्तहरू मात्र पनि पर्याप्त होइनन्। सुशासनको मार्गचित्र भने होइनन्। एउटा वर्गले चाहेर मात्र सुशासन कायम हुने भन्ने पनि होइन। सबै सरोकारी वर्गमा इमानदारीसहितको इच्छाशक्ति

आवश्यक रहन्छ। अधिकार प्राप्त निकायलाई कानुनी रूपमा सबल बनाएर दण्डहीनताको अन्त्य गर्नु, हुनु भनेको सुशासन कायम हुनु पनि हो। (स्रोतः बशिरा, सम्झौतामा रुमल्लिएको सुशासन, अन्नपूर्ण, चैत्र ७, २०८१)।

आर्थिक सर्वेक्षण २०८०/८१ मा उल्लेखित सुशासनको अवस्था

आर्थिक सर्वेक्षण २०८०/८१ मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा सार्वजनिक निकायका कामकारबाहीलाई पारदर्शी, जवाफदेही र छिटो-छरितो बनाउँदै सार्वजनिक सेवा-सुविधामा जनताको पहुँच सुनिश्चित हुने गरी सुशासनको प्रत्याभूति गर्न आवश्यक कानुनको निर्माण, संस्थागत व्यवस्था र कार्यसंस्कृतिमा सुधार तथा सूचना प्रविधिको उपयोग हुँदै आएको छ। सम्पत्ति शुद्धीकरण निवारण र सोसँग सम्बन्धित आधारभूत कानुनी संरचना निर्माण भएका छन्। साथै, राष्ट्रिय र अन्तर्राष्ट्रिय आवश्यकताअनुसार त्यस्ता कानुनी र संस्थागत संरचनालाई सुदृढ बनाउन थप सुधारका कार्यहरू अगाडि बढेका छन्। राष्ट्रिय हितको संरक्षण, संवर्द्धन र प्रवद्र्धन गर्न सक्रिय एवं प्रभावकारी कूटनीतिद्वारा अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति निर्माण गर्ने र अन्तर्राष्ट्रिय समुदायमा मुलुकको छवि, प्रतिष्ठा र भूमिकालाई प्रभावकारी बनाउनेतर्फ परराष्ट्र नीति परिलक्षित रहेको छ। द्विपक्षीय र बहुपक्षीय कूटनीति विधामा आधारित विश्व व्यवस्था एवं क्षेत्रीय सहयोग प्रवद्र्धन, आर्थिक कूटनीति, प्राकृतिक तथा कानुनी व्यक्तिको हक-हित संरक्षण, सार्वजनिक कूटनीति र ट्र्याक-टु कूटनीति जस्ता विषयलाई प्राथमिकतामा राखी परराष्ट्र नीति तथा कूटनीति सञ्चालन गरिएको छ।

सार्वजनिक निकायबाट हुने खरिद कार्यलाई थप पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउन विद्युतीय खरिद निर्देशिका, २०८० कार्यान्वयनमा आएको छ। सार्वजनिक खरिदमा संलग्न भई कानुनबमोजिम जिम्मेवारी बहन नगर्ने वा गैरकानुनी हानि-नोक्सानी पुऱ्याउने विभिन्न १६२ व्यक्ति/फर्म/संस्था/कम्पनी कालोसूचीमा परेका छन्। स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रणाली कार्यान्वयनमा रहेको छ। गत आर्थिक वर्ष ७४९ स्थानीय तहले संस्थागत क्षमता स्वमूल्याङ्कन सम्पन्न गरेका थिए। स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्न वित्तीय सुशासन जोखिम मूल्याङ्कन गर्ने कार्य थालनी भएको छ। गत आर्थिक वर्ष ६२४ स्थानीय तहले वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्य सम्पन्न गरेका थिए।

आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म हेलो सरकारमा दर्ता भएका १२ हजार ८८ उजुरीमध्ये ४८.१ प्रतिशत उजुरी फछ्र्यौट भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा ४६.७ प्रतिशत उजुरी फछ्र्यौट भएका थिए। गत आर्थिक वर्ष राष्ट्रिय गौरवका आयोजना तथा प्राथमिकता प्राप्त ६८ आयोजनाको प्राविधिक परीक्षण सम्पन्न भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म ४१ आयोजनाको प्राविधिक परीक्षण सम्पन्न भएको छ। मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०७७/७८-

२०८१/८२) गत आर्थिक वर्षदेखि कार्यान्वयनमा आएको छ। यसबाट मुलुकमा मानव अधिकारको संरक्षण र प्रवद्र्धन तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा कानुनको दायित्व पूरा गर्न नेपाल प्रतिबद्ध रहेको सन्देश प्रवाह भएको छ।

सार्वजनिक निकायबाट हुने अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रबाट चालु आर्थिक वर्षको फागुनसम्म ६१० उजुरी फछ्र्यौट भएका छन्। गत आर्थिक वर्ष ६६७ उजुरी फछ्र्यौट भएका थिए। गत आर्थिक वर्षदेखि स्थानीय तहको न्यायिक समितिका लागि विवाद निरूपणसम्बन्धी प्रशिक्षण सामग्री तथा निर्देशिका, २०७९ तयार भई कार्यान्वयनमा आएको छ। चालु आर्थिक वर्षको फागुनसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका २६ हजार ३७० उजुरीमध्ये ५३.२ प्रतिशत उजुरी फछ्र्यौट भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा ४९.७ प्रतिशत उजुरी फछ्र्यौट भएका थिए। चालु आर्थिक वर्षको फागुनसम्म आयोगबाट विशेष अदालतमा ११६ मुद्दा दायर भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा १०२ मुद्दा दायर भएका थिए। पछिल्लो तीन वर्षको प्रदेशगत उजुरीको आधारमा मधेश प्रदेश, बागमती प्रदेश र लुम्बिनी प्रदेशका विभिन्न सरकारी/सार्वजनिक निकायविरुद्ध बढी तथा गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका यस्ता निकायविरुद्ध कम उजुरी परेका छन्।

तीन तहमध्ये स्थानीय तहका निकायविरुद्ध बढी उजुरी परेको छ। त्यसपछि सङ्घ र प्रदेश सरकारका निकायविरुद्ध उजुरी परेका छन्। यद्यपि, बागमती प्रदेशभित्र भने सङ्घका निकायविरुद्ध सबैभन्दा बढी उजुरी परेका छन्। साथै, मधेस प्रदेशका स्थानीय तहविरुद्ध सबैभन्दा बढी उजुरी परेका छन्। गत आर्थिक वर्ष प्रदेशस्थित सङ्घीय निकायविरुद्ध परेका उजुरीको हिस्सा तुलनात्मकरूपमा सबै प्रदेशमा घटेको छ। कर्णाली र सुदूरपश्चिम प्रदेशका प्रादेशिक निकायको बाहेक अन्य प्रदेशका प्रादेशिक निकायको उजुरी बढेको छ। साथै, स्थानीय तहका सार्वजनिक निकायविरुद्ध उजुरीको हिस्सा बढेको छ। पछिल्लो तीन आर्थिक वर्षको उजुरीको आधारमा स्थानीय तहसहित सङ्घीय मामिलासम्बन्धी उजुरी क्रमशः वृद्धि हुँदै गएको छ। गत आर्थिक वर्ष एक तिहाइभन्दा बढी उजुरी यस क्षेत्रसँग सम्बन्धित थिए।

गत आर्थिक वर्ष २१ मन्त्रालयको व्यवस्थापन परीक्षण सम्पन्न भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म ४ सङ्घीय निकायले व्यवस्थापन परीक्षणको स्वमूल्याङ्कन गरेका छन्। त्यसैगरी १२ निकायको सेवाग्राही सन्तुष्टि सर्वेक्षण कार्य सम्पन्न भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म सङ्घका विभिन्न निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भई सेवा, समूह र श्रेणीका १,८२२ दरबन्दी घट्न गई ५१ हजार ५ सय ६० दरबन्दी कायम भएको छ। सरकारी सेवामा महिला कर्मचारीको सङ्ख्या वृद्धि हुँदै गएको छ। २०६५ असारसम्म निजामती सेवामा महिलाको सङ्ख्या १२.० प्रतिशत रहेकोमा २०८० फागुनसम्म २८.५ प्रतिशत पुगेको छ। नेपाल स्वास्थ्य सेवामा महिलाको सङ्ख्या

सबैभन्दा बढी रहेको छ। यस सेवामा कार्यरतमध्ये ४९.७ प्रतिशत महिला रहेका छन्। संवैधानिक पदाधिकारीतर्फ महिलाको सहभागिता ८.५ प्रतिशत रहेको छ। लोक सेवा आयोगबाट २०६४ सालदेखि तोकिएको समावेशी समूहका उम्मेदवारबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति हुँदै आएको छ। यसअनुरूप, गत आर्थिक वर्ष समावेशी समूहबाट १,४६० व्यक्ति निजामती सेवामा प्रवेश गरेका थिए।

आफैँले बनाएका नीतिनियम पालना नगरी सरकारले जथाभावी रूपमा बजेट खर्च गरेका कारण अहिलेसम्मको (अद्यावधिक) कुल बेरुजु ७ खर्ब ३३ अर्ब १९ करोड रुपैयाँ पुगेको छ। बेरुजु गत वर्षभन्दा ९.४५ प्रतिशतले बढेको हो। महालेखा परीक्षकको कार्यालयले राष्ट्रपतिसमक्ष पेस गरेको ६२औँ वार्षिक प्रतिवेदनमा गत आर्थिक वर्ष २०८०/८१ सम्ममा सङ्घ, प्रदेश र स्थानीय सरकार तथा विभिन्न समितिले गरेको खर्चको लेखापरीक्षण गर्दा यो रकम बराबर बेरुजु फेला परेको हो। प्रतिवेदनअनुसार कुल बेरुजुमध्ये सङ्घीय कार्यालयहरूको ३ खर्ब ७५ अर्ब रुपैयाँ पुगेको छ भने प्रदेश कार्यालयहरूको बेरुजु ३० अर्ब ४८ करोड पुगेको छ। यस्तै, स्थानीय तहहरूको बेरुजु रकम २ खर्ब ९ अर्ब र समिति र अन्य संस्थाहरूको बेरुजु एक खर्ब १७ अर्ब रुपैयाँ पुगेको हो। वार्षिक प्रतिवेदनअनुसार गत वर्षको खर्चमा मात्र बेरुजु ९१ अर्ब ५९ करोड रुपैयाँ थपिएको छ। अर्कोतिर महालेखाका अनुसार अहिलेसम्म कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम ५ खर्ब ५१ अर्ब १ करोड रुपैयाँ पुगेको छ। सरकारले लेखापरीक्षण र राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा कारबाही नगरेका कारण यति रकम उठाउन बाँकी रहेको हो। यो बेरुजुभन्दा भिन्दै रकम हो।

यसमध्ये सङ्घ र प्रदेश गरी लेखापरीक्षण बक्यौता ८ अर्ब ७१ करोड, राजस्व बक्यौता ४ खर्ब ७२ अर्ब, वैदेशिक अनुदानको शोधभर्ना लिन बाँकी ६ अर्ब २५ करोड, वैदेशिक ऋणको शोधभर्ना लिन बाँकी १४ अर्ब ३३ करोड र जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा-ब्याज ४९ अर्ब ३७ करोड रुपैयाँ पुगेको छ। प्रत्येक वर्ष बेरुजुको अङ्क जति मात्रामा थपिँदै जान्छ, त्यसको तुलनामा फछ्र्यौटको अङ्क निकै कम हुने गरेको छ। यसले सरकारमा बस्नेहरू वित्तीय कारोबार गर्दा अनियमितता गर्न नडराएको देखाएको छ। महालेखाले परीक्षण गर्दा निस्केको बेरुजुलाई तीन वर्गमा राख्ने गर्छः असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की। यी तीन वर्गमा वर्गीकृत गरिएका बेरुजुमा पनि थप वर्गीकरण गरिन्छ। असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र फछ्र्यौट, हानि-नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरिन्छ। यस्तै, नियमित गर्नुपर्ने बेरुजुमा अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी थप ४ समूहमा राखिन्छ। यसैगरी पेस्कीमा कर्मचारीले लिएको पेस्की, मोबिलाइजेसन र अन्य पेस्कीलाई राखिन्छ।

गत आर्थिक वर्षमा मात्र असुल गर्नुपर्ने रकम ३० अर्ब १२ करोड रुपैयाँ देखिएको छ। यो कुल बेरुजुको ३२.८९ प्रतिशत हो। यसमा सङ्घीय कार्यालयहरूको मात्र बेरुजु १८ अर्ब ३३ करोड

देखिएको छ। यस्तै, स्थानीय तहको असुल गर्नुपर्ने बेरुजु ३ अर्ब ५० करोड रुपैयाँ छ। महालेखाका अनुसार नियमित गर्नुपर्ने रकम ५६ अर्ब १२ करोड देखिएको छ। यो कुल बेरुजुको ६१.२७ प्रतिशत हो। यसमध्ये २७ अर्ब ९२ करोड रुपैयाँ सङ्घीय कार्यालयहरूको र १९ अर्ब रुपैयाँ स्थानीय तहको हो।

पेस्की बेरुजु पनि ५ अर्ब ३४ करोड रुपैयाँ देखिएको छ। यो कुल बेरुजुको ५.८४ प्रतिशत हो। महालेखाले यो वर्ष ९४ खर्ब ६२ अर्ब ३६ करोड रुपैयाँबराबर लेखापरीक्षण गरेको थियो। यसमध्ये सङ्घीय सरकारी कार्यालयको लेखापरीक्षण गर्दा ४७ अर्ब ७४ करोड रुपैयाँ बेरुजु देखिएको छ। यो लेखापरीक्षण रकमको १.५४ प्रतिशत बेरुजु हो। यस्तै, प्रदेश मन्त्रालय तथा निकायहरूको बेरुजु ४ अर्ब २० करोड देखिएको छ। यो लेखापरीक्षण भएको रकमको १.३६ प्रतिशत हो। गत वर्ष स्थानीय तहको बेरुजु २५ अर्ब ३२ करोड फेला परेको छ। यो लेखापरीक्षण अङ्कको २.२६ प्रतिशत हो। यस्तै, समिति र अन्य संस्थामा गरिएको लेखापरीक्षणबाट १४ अर्ब ३३ करोड बेरुजु देखिएको छ। यो २.७४ प्रतिशत हो। यो तथ्याङ्कअनुसार लेखापरीक्षण भएको रकममध्ये सबैभन्दा धेरै प्रतिशत बेरुजु समिति र अन्य संस्थातर्फ देखिएको छ। यस्तै, सबैभन्दा कम प्रतिशत प्रदेशको देखिएको छ। स्थानीय तहको बेरुजु प्रतिशत पनि २ प्रतिशतभन्दा माथि पुगेको छ। सङ्घीय मन्त्रालय र निकायहरूको बेरुजु डेढ प्रतिशत हाराहारी मात्र छ।

धेरै बेरुजु हुने सङ्घीय १० मन्त्रालयको बेरुजु रकम हेर्दा लेखापरीक्षण अङ्कको तुलनामा ५ प्रतिशतभन्दा धेरै बेरुजु हुनेमा भौतिक पूर्वाधार, परराष्ट्र र उद्योग मन्त्रालय देखिएका छन्। यस्तै, भूमि व्यवस्था र सञ्चार मन्त्रालयको बेरुजु ३ प्रतिशतभन्दा माथि छ भने अन्य सबै मन्त्रालयको बेरुजु २ प्रतिशत पनि पुगेको छैन। यस्तै, प्रदेशगत रूपमा बेरुजुलाई हेर्दा सबैभन्दा बढी मधेश प्रदेशको २.५७ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशको ०.८२ प्रतिशत देखिएको छ। स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा २.२६ प्रतिशत बेरुजु देखिएकामा ५ प्रतिशतभन्दा कम बेरुजु हुनेको सङ्ख्या ६९२ र ५ देखि १५ प्रतिशतसम्म बेरुजु हुनेको सङ्ख्या ६८ छ।

दूरसञ्चार क्षेत्रबाट कानुनसम्मत रूपमा राजस्व सङ्कलन हुन नसक्दा झन्डै ९ अर्ब रुपैयाँ बक्यौता रहेको छ। महालेखा परीक्षकको ६२औं वार्षिक प्रतिवेदनअनुसार दूरसञ्चार क्षेत्रबाट ८ अर्ब ६५ करोड ५० लाख रुपैयाँ असुल हुन बाँकी भएको हो। समयमा दाखिला नगरेकाले १५ प्रतिशतले हुने थप दस्तुर २ अर्ब ९७ करोड १६ लाख ५० हजार असुल गर्न महालेखाले भनेको छ। अर्को कम्पनीले २०६१ मा १० वर्षको लागि अनुमतिपत्र प्राप्त गरेकोमा तेस्रो पटक ५ वर्षको लागि नवीकरण गर्न २०८१ जेठसम्म २० अर्ब बुझाउनुपर्नेमा ६ अर्ब ४० करोडमात्र बुझाएको देखिएकोले बाँकी १३ अर्ब ६० करोडको १५ प्रतिशतले हुने थप दस्तुर २ अर्ब ४ करोड असुल गर्न भनिएको छ। यी दुई कम्पनीबाट कुल ५ अर्ब १ करोड १६ लाख ५० हजार असुल गर्नुपर्ने उल्लेख छ।

तालिका नं. १

गत वर्ष तीन तहका सरकारको बेरुजु (रु. लाखमा)						
वर्गीकरण	सङ्घीय	प्रदेश	स्थानीय तह	समिति र अन्य	जम्मा	प्रतिशत
१ असुल गर्नुपर्ने	१८३३२४	७६८५	३५०११	७५२३१	३०१२५१	३२.८९
२ नियमित गर्नुपर्ने	२७९२८६	२८०५५	१९३९८२	५९९१९	५६१२४२	६१.२७
२.१ अनियमित भएको	१९२९३	९१३८	९७१७५	२५५०६	१५१११२	१६.५०
२.२ प्रमाण नभएको	२५९९८६	१८९१३	९६५०४	३४०७५	४०९४७८	४४.७०
२.३ जिम्मेवारी नसारेको	०	०	०	०	०	०.००
२.४ शोधभर्ना नलिएको	७	४	३०३	३३८	६५२	०.०७
३ पेश्की	१४८२०	६२६०	२४२४९	८१५७	५३४८६	५.८४
जम्मा बेरुजु	४७७८३०	४२०००	२५३२४२	१४३३०७	९१५९७९	१००

गत वर्षसम्म तीन तहको सरकार, समिति र अन्यको कुल बेरुजु (रु.लाखमा)			
विवरण	विगतको बेरुजु	चालु आवको थप बेरुजु	अध्यावधिक बाँकी बेरुजु
सङ्घीय कार्यालय	३२७७२९५	४७७४३०	३७५४७२५
प्रदेश कार्यालय	२६२८१९	४२०००	३०४८१९
स्थानीय तह	१८३९६४९	२५३२४२	२०९२८९१
समिति र अन्य सबै	१०३६१६७	१४३३०७	११७९४७४
जम्मा	६४१५९३०	९१५९७९	७३३१९०९

स्रोतः महालेखापरीक्षकको कार्यालयको ६२ औं वार्षिक प्रतिवेदन

आर्थिक सर्वेक्षणमा सुशासनको अवस्था

आर्थिक सर्वेक्षण २०८०/८१ मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षको फागुनसम्म नेपाल प्रहरीतर्फ ७६ हजार ७ सय ६ जनशक्ति र सशस्त्र प्रहरी बल नेपालतर्फ ३५ हजार ५ सय ७९ जनशक्ति कार्यरत रहेका छन्। 'समुदायमा प्रहरी साझेदारी' कार्यक्रमअन्तर्गत स्थानीय र विद्यालयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन भई ३३ लाख ९१ हजार ७ सय ५६ जना लाभान्वित भएका छन्। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म कारागारभित्र अनौपचारिक रूपमा लघु उद्यममा संलग्न कैदीबन्दीको सङ्ख्या ८ हजार पुगेको छ। यसले कैदीबन्दीको आय-आर्जनमा सघाउ पुऱ्याउनुका साथै

उत्पादित वस्तुको निकासीसमेत हुने गरेको छ। विदेशस्थित कूटनीतिक नियोगबाट जारी हुने हस्तलिखित भिसालाई प्रतिस्थापन गरी विद्युतीय यात्रा अनुमति (ETA) सञ्चालनमा आएको छ। गत आर्थिक वर्ष बाढीबाट बढी प्रभावित हुने विभिन्न १३ नगरपालिकाका जोखिमयुक्त ३४ स्थानमा पूर्व-सङ्केत प्रणाली (Siren System) जडान गरिएको थियो।

विपद् व्यवस्थापन र अध्यागमनमा सुधार

आर्थिक वर्ष २०७९/८० मा विपद् व्यवस्थापनमा समुदायको सहभागिता अभिवृद्धि गर्न स्वयंसेवकको पहिचान तथा परिचालनलाई सहजीकरण गर्न स्वयंसेवक व्यवस्थापन सूचना प्रणाली (VMIS) विकास गरिएको थियो। यस प्रणालीमा हालसम्म १ लाख ४ सय ५६ स्वयंसेवक आबद्ध छन्। अध्यागमन विभागबाट जारी हुने भिषामध्ये पर्यटक भिसाको अंश ९५.० प्रतिशतभन्दा बढी रहँदै आएको छ। सन् २०२३ मा जारी भएका ७ लाख ६ हजार ९ सय ७७ भिषामध्ये पर्यटक भिसा ९६.५ प्रतिशत रहेकोमा सन् २०२४ को अप्रिलसम्म जारी ३ लाख ३ हजार ८ सय ७६ भिसामा यस्तो भिसाको अंश ९७.३ प्रतिशत रहेको छ।

नेपालका नियोगहरू र राहदानी सेवा

आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म नेपालका विदेशस्थित ३० राजदूतावास, ३ स्थायी नियोग र ७ महावाणिज्य दूतावाससमेत ४० नेपाली नियोग रहेका छन्। विभिन्न मुलुकमा ५५ अवैतनिक महावाणिज्यदूतसमेत रहेका छन्। २०८० असारसम्म कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकको सङ्ख्या १८१ रहेको थियो। २०२४ अप्रिल १ मा अफ्रिकी मुलुक टोङ्गासँग कूटनीतिक सम्बन्ध स्थापना भई द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकको सङ्ख्या २०८० फागुनसम्म १८२ पुगेको छ। गत आर्थिक वर्ष १४ लाख ३५ हजार ६ सय ९९ थान विद्युतीय राहदानी जारी भएका थिए। चालु आर्थिक वर्षको फागुनसम्म ९ लाख ८० हजार ६ सय ४१ थान विद्युतीय राहदानी जारी भएका छन्।

वित्तीय पारदर्शिता र भ्रष्टाचार नियन्त्रणका प्रयासहरू

वित्तीय कार्यदल FATF को अन्तर्राष्ट्रिय मान्यता र मापदण्डबमोजिम एसिया प्यासिफिक समूह (APN) ले सन् २०२२-२३ मा सम्पन्न गरेको नेपालको तेस्रो चरणको पारस्परिक मूल्याङ्कन प्रतिवेदन सेप्टेम्बर २०२३ मा सार्वजनिक भएको छ। सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सम्बद्ध ऐनहरू संशोधन भई लागू भएका छन्। यस क्षेत्रमा नीतिगत, कानुनी र संस्थागत सुधार गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइएको छ।

पछिल्ला वर्षमा वित्तीय जानकारी एकाइमा शङ्कास्पद कारोबारसम्बन्धी प्रतिवेदन गर्ने कार्य बढ्दै गएको छ। गत आर्थिक वर्ष ५९३५ शङ्कास्पद कारोबार प्रतिवेदन भएकोमा १२१६ प्रतिवेदनको विश्लेषण भएको छ। जसमध्ये ७११ प्रतिवेदन अभिलेखीकरण गरिएको थियो भने ५०५ प्रतिवेदन अनुसन्धान/अनुगमनका लागि अनुसन्धानकारी नियामक निकायमा पठाएको थियो। यस आर्थिक वर्षको फागुनसम्म वित्तीय जानकारी एकाइमा ३८६९ शङ्कास्पद कारोबार गतिविधि प्रतिवेदन प्राप्त भएको छ। यस अवधिमा ९ सय ७५ प्रतिवेदन विश्लेषण गरिएकोमा ४०८ अभिलेखीकरण र ५६७ प्रतिवेदन अनुसन्धान/अनुगमनका लागि अनुसन्धानकारी निकायमा सम्प्रेषण गरिएको छ। चालु आर्थिक वर्षको फागुनसम्म सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी ५१७ उजुरी दर्ता भएकोमा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाइएका उजुरीको सङ्ख्या १३ रहेको छ। साथै, यस अवधिमा २४ प्रतिवादीउपर रु.१ अर्ब ४२ करोड ६५ लाख बिगो कायम गर्ने गरी विशेष अदालतमा ५ मुद्दा दायर भएको छ। गत आर्थिक वर्ष ९७८ सूचक संस्था 'नोआम सिस्टम' (Noam System) मा आबद्ध भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म १४८१ सूचक संस्था आबद्ध भएका छन्। सूचना आदानप्रदानका लागि कानुन कार्यान्वयन गर्ने निकायसमेत 'नोआम सिस्टम' मा आबद्ध भएका छन्।

राजस्व अनुसन्धान विभागबाट आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म राजस्व चुहावटसम्बन्धी १७३४ उजुरी दर्ता भएकोमा २४ उजुरीउपर विस्तृत अनुसन्धान भई रु.१ अर्ब ६२ करोड बराबरको बिगो कायम गरी मुद्दा दायर भएको छ। विदेशी मुद्रा अपचलनतर्फ यस अवधिमा ११४ उजुरी प्राप्त भएकोमा ५५ उजुरीउपर विस्तृत अनुसन्धान भई रु.१ अर्ब ६३ करोड बिगो कायम गरी मुद्दा दायर भएको छ।

कानुनी र संस्थागत फ्रेमवर्क

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले समग्रतामा सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो रूपमा पाउने अवस्था सिर्जना गरेर, शासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रूपमा रूपान्तरण गरी सुशासन कायम गर्नुपर्ने कुरामा जोड दिएको छ। न्याय परिषद् ऐन, २०७३ ले न्याय परिषद्लाई आचारसंहिता तर्जुमा गर्न अधिकार दिएको छ। यसरी राष्ट्रसेवक कर्मचारीका लागि निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५०, निजामती सेवाका कर्मचारीको आचरणसम्बन्धी नियमावली, २०६५ र सोका अतिरिक्त सर्वोच्च अदालतबाट अदालतमा कार्यरत कर्मचारीको आचारसंहिता, २०७५ जारी गरिएको छ। सरकारी वकिल तथा सरकारी वकिल कार्यालयका कर्मचारीका लागि आचारसंहिता, २०७५ महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएको छ। कानुन व्यवसायीहरूको लागि कानुन व्यवसायी आचारसंहिता, २०५१ पनि प्रचलनमा रहेको छ।

न्यायिक सुशासन र न्यायिक जनशक्ति व्यवस्थापनका लागि यी कानुनी तथा क्षेत्रगत आचारसंहिताहरू ज्यादै महत्त्वपूर्ण औजारका रूपमा रहेका छन्।

जनशक्ति, संरचना र वित्तीय अवस्था

आर्थिक सर्वेक्षण २०८१/८२ मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षको फागुनसम्म सङ्घका विभिन्न निकायको सङ्गठन तथा व्यवस्थापन सम्पन्न भई निजामती सेवाअन्तर्गतका विभिन्न सेवा समूह र श्रेणीका २ सय ६० दरबन्दी घट्न गई ५१ हजार ३ सय दरबन्दी कायम भएको छ। सरकारी सेवामा महिला कर्मचारीको सङ्ख्या वृद्धि हुँदै गएको छ। २०६५ असारसम्म निजामती सेवामा महिलाको सङ्ख्या १२.० प्रतिशत रहेकोमा २०८१ फागुनसम्म निजामती किताबखानामा दर्ता भएका तीन तहका सरकारी निकायमा कार्यरत महिला कर्मचारीको सङ्ख्या २९.२ प्रतिशत पुगेको छ। नेपाल स्वास्थ्य सेवामा कार्यरत कर्मचारीमध्ये ५४.५ प्रतिशत महिला र ४५.५ प्रतिशत पुरुष कर्मचारी रहेका छन्। संवैधानिक पदाधिकारीतर्फ महिलाको सहभागिता ९.१ प्रतिशत रहेको छ। यस आर्थिक वर्षको फागुनसम्म नेपालका विदेशस्थित ३१ राजदूतावास, ३ स्थायी नियोग र ७ महावाणिज्य दूतावाससमेत ४१ नेपाली नियोग रहेका छन्। विभिन्न मुलुकमा ५५ अवैतनिक महावाणिज्यदूतसमेत रहेका छन्।

तपाईंले उपलब्ध गराउनुभएको यो अंश नेपालमा सुशासनका समस्या, चुनौती, सुधारका कदमहरू, र सरकारका नीति तथा कार्यक्रमहरूलाई समेटेको छ। यसलाई अझ शुद्ध, स्तरीय, प्रवाहमय र व्याकरणिक रूपमा परिष्कृत गर्नका लागि मैले नेपाली भाषाका ह्रस्व-दीर्घ, पदयोग-पदवियोग, वाक्य संरचना, र समग्र शैलीमा विशेष ध्यान दिँदै निम्न अनुसार सम्पादन गरेको छुः

समस्या तथा चुनौती

नेपालको संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा-सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति दिने राज्यको नीतिअनुरूप कानुनी र संरचनागत व्यवस्था गरिएको छ। भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिबमोजिम कानुनको परिमार्जन गरी सार्वजनिक, निजी, सहकारी, सामुदायिक तथा गैरसरकारी क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्य र आर्थिक अनियमिततालाई समेत कानुनको दायरामा ल्याउन आवश्यक कानुनी व्यवस्था तर्जुमा भइरहेका छन्। उक्त कानुनी व्यवस्थाबमोजिम भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित नियामक निकायको सबलीकरण गर्नु आवश्यक भएको छ। समाजको आर्थिक तथा सामाजिक पक्षमा भ्रष्टाचारले पारिरहेको प्रतिकूल असरलाई नियन्त्रण गर्ने सम्बन्धमा बृहत् दृष्टिकोण, प्रतिबद्धता एवम् सोहीबमोजिमको गतिशीलता र व्यवहारमा प्रतिबिम्बित हुन आवश्यक छ।

प्रमुख समस्याहरू

- समाजमा आर्थिक अपराधविरुद्धको जनमतलाई बलियो बनाउन नसकिनु।
- निजी क्षेत्रको आर्थिक अनियमिततालाई कानुनी कारबाहीको दायरामा पूर्ण रूपमा ल्याउन नसकिनु।
- छानबिन तथा अनुसन्धानको सबल प्रणालीको विकास गर्न नसकिनु।
- सार्वजनिक सेवा, विशेष गरी खरिद तथा नागरिकसँग प्रत्यक्ष सरोकार रहने निकायबाट सम्पादन हुने कामकारबाहीलाई अनलाइन प्रणालीमा पूर्ण रूपमा आबद्ध गर्न नसकिनु।
- सबै प्रदेश तथा स्थानीय तहमा विस्तार गरी सार्वजनिक सेवालाई अनुमानयोग्य बनाउन नसकिनु।

चुनौती तथा अवसरहरू

समाजमा नैतिक मूल्य-मान्यताको विकास गरी भ्रष्टाचारलाई सामाजिक अपराधको रूपमा स्थापित गर्नु, सबै क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यलाई नियन्त्रण गरी सुशासनको प्रत्याभूति दिनु र भ्रष्टाचारजन्य कसुरका नयाँ-नयाँ स्वरूप नियन्त्रण गरी समग्र सार्वजनिक सेवालाई अनुमानयोग्य बनाउनु चुनौतीका रूपमा रहेका छन्।

यसका साथै, केही अवसरहरू पनि विद्यमान छन्:

- भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिबमोजिम परिमार्जनको क्रममा रहेका कानुनले सबै तह र क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्य एवम् आर्थिक अनियमिततालाई अनुसन्धानको दायरामा ल्याउने सम्भावना रहनु।
- मुलुकको सङ्घीय संरचनाबमोजिम सबै तहमा सबल सरकार गठन भएकोले गलत आर्थिक क्रियाकलापलाई नियन्त्रण गरी मुलुकको विकास गर्नका लागि उपयुक्त अवसर रहनु।
- भ्रष्टाचारविरुद्ध समाजमा देखिएको परिवर्तित दृष्टिकोण।
- संवैधानिक एवम् कानुनी रूपमा सबल नियामक निकायको व्यवस्था हुनु।
- नागरिकमा भ्रष्टाचारविरुद्धको सशक्त चेतनाको विकास हुँदै जानु।
- नियामक निकायको सबलीकरण एवम् अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रादेशिक (क्षेत्रीय कार्यालय) एवम् सम्पर्क कार्यालयको विस्तारले भ्रष्टाचारविरुद्धको अभियानलाई थप प्रभावकारी रूपमा अगाडि बढाउने।

नेपालमा सुशासनको सुधारका लागि चालिनुपर्ने कदमहरू

पदस्थापन, सरुवा, काज, कायम-मुकायम, अस्थायी र ज्यालादारीसम्बन्धी कमी-कमजोरीहरूलाई हटाएर ऐन-नियममा भएका प्रावधानहरूको कडाइका साथ पालन गर्नु र गराउनु आजको प्रमुख आवश्यकता हो। निजामती कर्मचारीलाई शैक्षिक भत्ता, आवास भत्ता जस्ता अप्रत्यक्ष सुविधाहरूमा वृद्धि गर्ने परिपाटी बसाल्नुपर्छ।

शासकीय प्रबन्धका तहहरू

शासकीय प्रबन्ध सामान्यतया तीन तहको रहन्छ (चान्डलर फाउन्डेसनः थ्री लेभल्स अफ गभर्नेन्स आर्किटेक्चर)।

राष्ट्रिय शासन पद्धतिः यसअन्तर्गत नेतृत्व, सरकारी संरचना र निजामती सेवा, विधिको शासन, वित्तीय संरक्षकत्व, नीति तथा नियमहरू पर्दछन्। नेपालको सन्दर्भमा यस तहमा सङ्घ, प्रदेश र स्थानीय तहका व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र संवैधानिक निकायलगायत सबै सरकारी संयन्त्रहरू पर्दछन्।

बजारः यसअन्तर्गत व्यापारिक संस्कृति र वातावरण, बजार पूर्वाधार, पुँजीको उपलब्धता र सोको लागत पर्दछन्।

सहर र समुदायः जसमा बस्नयोग्य सहर वा गाउँ, सुरक्षा प्रबन्ध र सामाजिक सद्भाव, स्वास्थ्य, शिक्षा, परिवार, आवास र आर्थिक उपार्जनका अवसरहरू पर्दछन्।

सुधारका कार्यविधिहरू

सुधारका कुरा गर्दा जनताका खास समस्याका विषयहरूमा केन्द्रित हुनुपर्दछ। महसुस गरिने र देखिने सुधार गरिनुपर्दछ। हामी प्रायः अमूर्त सैद्धान्तिक सुधार खोजिरहेका हुन्छौं, जसबाट आम रूपमा नतिजामा र जनजीवनमा केही पनि असर, प्रभाव वा फरक नै पर्दैन। प्रत्येक निकाय र संस्थाका फरक-फरक समस्या छन्। तिनलाई चिकित्सकले एक-एक गरी बिरामी जाँचेजस्तो जाँचिनुपर्दछ।

सबै निकायका समस्या एउटै प्रकृतिका हुन् भनेर एउटै डालोमा राखेर सही निष्कर्षमा पुग्न सकिँदैन। तसर्थ, समस्याका कारण र निदानका उपायहरू सम्बन्धित निकायका कार्यस्थलमा नै एकिन गरिनुपर्दछ। केन्द्रमा कोठामा बसेर सैद्धान्तिक छलफल गरी निस्कने निचोडले समस्या समाधान हुँदैन। स्थलगत रूपमा सुधार टोली खटिई समस्या निराकरण गरिनुपर्दछ।

प्रमुख उपलव्धिहरू

आयोगको कामबाट शासकीय प्रबन्ध र सार्वजनिक सेवा प्रवाहमा सुधार, विकासका कामले गति लिने, पुँजीगत खर्च गर्ने क्षमता वृद्धि, राष्ट्रिय गौरवका आयोजनालगायतका निर्माण कार्यमा तीव्रता, राजस्वमा वृद्धि तथा चुहावट नियन्त्रण, सरकारी फजुल तथा चालु खर्च कटौती, सरकारी सम्पत्तिको उच्चतम प्रयोग तथा दुरुपयोग नियन्त्रण, अनावश्यक सरकारी निकायहरूको खारेजी गरिनुपर्छ। सार्वजनिक संस्थानको दक्षता अभिवृद्धि, उत्पादन तथा सेवामा प्रभावकारिता, वित्तीय प्रणालीमा सुधार तथा आर्थिक अनुशासन पालनामा वृद्धि, निजामतीलगायत सरकारी सेवाको स्तरोन्नति, बजार संयन्त्रको अनुशासन, समुदाय र सामाजिक क्षेत्रमा सकारात्मक सन्देश आदि नै यसका उपलव्धि हुनुपर्दछ।

न्यायिक सुशासनको सुधार

न्यायिक सुशासनको प्रतीक नै न्यायिक जनशक्ति व्यवस्थापनमा रहेको हुँदा, यसका लागि निम्न आधारहरू पहिल्याउनुपर्छः

- न्यायिक जनशक्तिलाई योग्य र क्षमतावान् बनाउने।
- न्यायिक जनशक्तिलाई कामप्रति उत्प्रेरित हुने अवसरको सिर्जना गर्ने।
- मुद्दामा अङ्ग पुऱ्याउने काम सकेसम्म एकै स्थानबाट सम्पन्न हुने गरी एकद्वार प्रणाली लागू गर्ने।
- देशका सबै न्यायिक निकायको राजस्व र आर्थिक कारोबार बैङ्किङ प्रणालीबाट गर्ने।
- अदालत हाताभित्रका क्रियाकलापहरूको सूक्ष्म अवलोकन गर्ने।
- मुद्दाको समयतालिका पद्धति लागू गर्ने।
- बाझिएका नजिरलाई एकरूपता दिने।
- फैसलामा गुणस्तरीयता कायम गर्ने।
- न्यायाधीशको नियुक्तिमा रहेको संसदीय सुनुवाइसम्बन्धी प्रक्रियालाई प्रभावकारी बनाउने।
- प्रचलित कार्यविधि कानुन एवम् मुद्दा व्यवस्थापनको विषयमा समसामयिक सुधार गर्ने।
- न्यायाधीश तथा कर्मचारीको व्यवस्थापन गर्ने निकाय न्यायपरिषद् तथा न्यायसेवा आयोगको प्रभावकारिता हुनुपर्ने।
- फैसला पन्छाउने प्रवृत्तिको अन्त्य गर्ने।
- फैसला लेखन कार्यमा अनुसन्धान पद्धतिको जोड दिने।
- फैसला लेखन कार्यका लागि योग्यता र क्षमताको आधारमा इजलास अधिकृतहरूको विज्ञ समूह हुनुपर्ने।

- न्यायाधीशहरूको सरुवा/काज तथा न्यायाधीशहरूउपरको कारबाहीमा रहेको असमानतालाई हटाउने।
- आवधिक रूपमा सङ्गठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्ने।
- अध्ययन, तालिम/वैदेशिक अवलोकन भ्रमणलगायतका अवसरमा समानता हुनुपर्ने।
- कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ र यथार्थपरक बनाइनुपर्ने।
- दण्ड र पुरस्कार प्रणालीलाई प्रभावकारी बनाइनुपर्ने।
- न्यायिक जनशक्तिको पदस्थापन, सरुवा, काज निश्चित मापदण्ड र सिद्धान्तका आधारमा गरिनुपर्ने।
- करारमा भर्ना गर्ने प्रवृत्तिको अन्त्य गर्ने।
- जनशक्तिलाई प्रविधिमैत्री बनाउने।
- संविधान एवम् कानुनमा भएका न्यायाधीश नियुक्तिसम्बन्धी व्यवस्थाको अक्षरशः कार्यान्वयन गर्ने।
- सेवा प्रवेश र सेवाकालीन तालिमको पाठ्यक्रम र तालिम अवधि निर्धारण गरी लागू गर्ने।
- वृत्ति विकासका अवसरलाई अनुमानयोग्य बनाउने।
- न्यायाधीश नियुक्तिमा स्पष्ट मापदण्ड तय गर्ने।

प्रशासनिक र वित्तीय सुधार

निजामती सेवालगायत समग्र प्रशासनको क्षेत्रमा वृत्ति विकासको समान अवसर स्थापित हुने प्रणालीको विकास गर्नुपर्छ। प्रत्येक पाँच वर्षमा सेवाहरू र वृत्तिको अवस्थाबारे पुनरावलोकन गरी तदनुरूप सन्तुलन कायम गर्नुपर्छ। कर्मचारीहरूको तलब दिने प्रक्रियालाई पनि मासिकबाट झारेर अर्धमासिक गर्नुपर्छ। यसबाट बजारलाई चलायमान बनाउन सकिन्छ। यस्तै, सुविधालाई प्रत्येक वर्ष महँगीका आधारमा समायोजन गर्ने प्रणाली बसाल्नुपर्छ।

प्रत्येक तीन वर्षमा पारिश्रमिकमा वृद्धिको सुनिश्चितता र त्यसअगाडि महँगी भत्ता तथा वार्षिक वृद्धि दिने व्यवस्थालाई प्रभावकारी रूपमा सम्बोधन गरिनुपर्छ। राज्यका विभिन्न तहमा हुने सानातिना भ्रष्टाचार वा ठूला भनिएका नीतिगत तहका भ्रष्टाचार रोक्न कर्मचारीको सेवा-अवधिको वृत्ति र सेवाबाट अवकाशपछिको निवृत्ति दुवैका लागि पुग्ने आर्थिक सुविधाका प्याकेज र सामाजिक सम्मानको प्रबन्ध गरिनुपर्छ।

सुशासनको सफल कार्यान्वयनका लागि उच्च तहबाट प्रशासनिक प्रतिबद्धता जाहेर गरी इमानदारीपूर्वक पालन गर्ने र कुरामा भन्दा काममा बढी जोड दिनुपर्दछ। नीति, योजना र अन्य क्रियाकलापको

प्रभावकारी रूपले अनुगमन-मूल्याङ्कन गर्ने प्रणाली र संयन्त्रको विकास गरिनु आवश्यक छ। अर्को कुरा भ्रष्टाचार रोक्नलाई प्रभावकारी कदम चालिनु पनि त्यत्तिकै आवश्यक रहन आएको छ।

सार्वजनिक निकायका कामकारबाहीप्रति सकारात्मक छवि निर्माण गर्ने। यसका लागि सार्वजनिक निकायका कार्यक्रम कम खर्चिलो र सामाजिक नमुनाका रूपमा सम्पन्न गर्ने तथा निश्चित मापदण्डका आधारमा पारदर्शी रूपमा कार्यसम्पादन गरी जनविश्वास आर्जन गर्ने विषय महत्त्वपूर्ण हुन्छ। राजनीतिक तथा प्रशासनिक क्षेत्रका पदाधिकारीको कार्यसम्पादन स्तरलाई मापनयोग्य बनाई लागू गर्नु आवश्यक रहेको छ।

सुशासन सम्बन्धमा नेपाल सरकारका नीति तथा कार्यक्रमहरू

आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यका व्यवस्था

यस आर्थिक वर्षमा शासकीय सुधारअन्तर्गत सङ्घीय निजामती सेवा कानुन यसै अधिवेशनबाट पारित गरी कार्यान्वयन गरिने कार्यक्रम राखिएको छ। राष्ट्रसेवक कर्मचारीको मनोबल बढाउन, काममा उत्प्रेरित गराउन, सेवा सुरक्षा, संरक्षण र अनुमानयोग्य सरुवा-बढुवा प्रणाली सुनिश्चित गरिने कार्यक्रम राखिएको छ। सार्वजनिक क्षेत्रमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवाप्रवाहलाई थप सुदृढ गरिने कार्यक्रम राखिएको छ। ई-गभर्नेन्स को माध्यमबाट सार्वजनिक सेवालाई मुहाररहित, कागजरहित र सम्पर्करहित बनाई गुणस्तर अभिवृद्धि गरिने कार्यक्रम राखिएको छ।

आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यका व्यवस्था

यस आर्थिक वर्षमा शासकीय सुधार र भ्रष्टाचार नियन्त्रणअन्तर्गत नेपालको संविधानमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूचीअनुरूप कार्य विस्तृतीकरण प्रतिवेदन पुनरावलोकन गरिनुका साथै तीन तहका कानुनहरूबीच कार्यक्षेत्रगत तादात्म्यता र एकरूपता कायम गर्न मौजुदा कानुनहरूमा सुधार गरिने कार्यक्रम राखिएको छ। उच्चस्तरीय शासकीय सुधार आयोगको मार्गदर्शनमा नीतिगत, कानुनी तथा संस्थागत सुधार गरिने कार्यक्रम राखिएको छ।

सोह्रौं योजना (२०८१/८२-२०८५/८६) मा सुशासन तथा असल शासनसम्बन्धी सरकारी नीति तथा कार्यक्रम

शासकीय सुधार कार्यक्रम

- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सेवा प्रवाहको स्वमूल्याङ्कन जस्ता माध्यमबाट पारदर्शी, मितव्ययी, जवाफदेही र प्रभावकारी स्रोत-साधनको परिचालन गर्ने।

- लक्षित वर्ग केन्द्रित कार्यक्रम विकासमा जनसहभागिता प्रवद्र्धन गर्ने।
- स्रोत-साधन, शासकीय व्यवस्था, नीति निर्माण र कार्यान्वयन तहमा समन्यायिक प्रतिनिधित्व र अर्थपूर्ण सहभागिताका लागि सकारात्मक विभेदका विधिहरूको अवलम्बन गर्ने।
- आरक्षण तथा सकारात्मक विभेदका कार्यक्रम निजी, सहकारी तथा गैरसरकारी क्षेत्रमा विस्तार गर्ने।
- आरक्षण व्यवस्थाको पुनरावलोकन तथा सुधार गर्ने।
- गरिबको पहुँच एवम् लाभको न्यायोचित वितरण गर्ने।
- गरिबी निवारणसम्बन्धी कार्यक्रममा समन्वय गर्ने संयन्त्र स्थापना गर्ने।
- स्थानीय तहबाट दुर्गम स्थानमा सेवा प्रवाहका लागि घुम्ती सेवा, विद्युतीय माध्यमलगायतका विधिको उपयोग गरी आधारभूत वस्तु तथा सेवामा पहुँच अभिवृद्धि गर्ने।

वित्तीय एवम् प्रशासनिक सुशासन प्रवद्र्धन कार्यक्रमः

- डिजिटल शासनको माध्यमबाट पारदर्शिता र जवाफदेहिता प्रवद्र्धन गर्ने।
- निजी क्षेत्रको वित्तीय तथा प्रशासनिक सुशासनलाई कायम गर्न थप कानुनी व्यवस्था गर्ने।
- भ्रष्टाचारका उजुरीहरूको छानबिनदेखि अनुसन्धान र अभियोजन प्रणालीमा सूचना प्रविधिको अधिकतम उपयोग गर्ने।
- स्वार्थको द्वन्द्वसम्बन्धी कानुन तर्जुमा र कार्यान्वयन गर्ने।
- नीतिगत तहमा हुने भ्रष्टाचारको अन्त्य गर्न नीति-निर्माणकर्तालाई जवाफदेही र उत्तरदायी बनाउने।
- पूर्ण नगदरहित कारोबारमार्फत सम्पत्ति शुद्धीकरणलगायत कर छली, भ्रष्टाचार आदि विरुद्ध प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्ने।
- सङ्घ, प्रदेश र स्थानीय तहका राजनैतिक र प्रशासनिक नेतृत्वलाई कूटनीतिक आचारसंहिताको व्यवस्था र सोको परिपालनको प्रबन्ध गर्ने।
- 'नागरिक पहिला' को संस्कृतिअन्तर्गत उत्प्रेरक कर्मचारी, स्वच्छ र कार्यमूलक वातावरण तथा कार्यस्थल निर्माण गर्ने।
- राष्ट्रसेवकलाई राज्यबाट प्रदान गरिएको सेवा-सुविधामा समयानुकूल सुधार गर्ने।
- खर्च गर्ने अधिकारीले लेखापरीक्षण आफैं गर्नुपर्ने व्यवस्था गर्ने।

- वित्तीय कारोबारको जिम्मेवार व्यक्ति सरुवा भई गएमा रमानापत्रमा बेरुजुको रकम उल्लेख गर्ने र यसलाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउने।
- राष्ट्रसेवकलाई वस्तुगत सूचकसहितको कार्यविवरण प्रदान गर्ने परिपाटीको सुरुवात गर्ने।
- कार्यसम्पादनमा स्वचालित मूल्याङ्कन प्रणालीको विकास गर्ने।

न्यायिक प्रशासन प्रणालीमा सुदृढीकरण कार्यक्रम

- न्याय प्रणालीलाई छिटो, छरितो र विश्वसनीय बनाउन निःशुल्क कानुनी सहायता र कानुनी साक्षरता विस्तार गर्ने।
- सूचना प्रविधिमैत्री न्याय सम्पादन, भौतिक पूर्वाधार विकास र न्यायिक जनशक्तिको क्षमता विकास गर्ने।
- न्यायपालिकाको संस्थागत सुदृढीकरण, न्यायिक जनशक्तिको क्षमता विकास गर्ने।

निष्कर्ष (Conclusion)

सार्वजनिक सेवा प्रवाहमा सहभागितामूलक संयन्त्रको अवलम्बन गर्न जनता, नागरिक समाज, सामुदायिक सङ्गठनहरू र स्वयंसेवी समूहहरूको अधिक संलग्नता आवश्यक छ। सेवा प्रवाहको परिमाण र स्तर मापनका लागि उपयुक्त समय, लागत र गुणस्तर बेन्चमार्कको विकास गर्नुका साथै सेवा प्रवाहका कार्यसम्पादन सूचकहरू विकास गरी कार्यसम्पादन मापन र सुधार गर्नुपर्दछ। कार्य, अधिकार र स्रोत-साधनको संयन्त्रहरूको विकेन्द्रीकरण र क्षमता विकास कार्यक्रमहरूको सञ्चालनमार्फत ग्रामीण तथा सहरी स्थानीय निकायहरूलाई सशक्तीकरण गरी सेवा प्रवाहका लागि तिनीहरूलाई सबल तुल्याउनु र विकेन्द्रीकरणलाई प्रवद्र्धन गर्नु अपरिहार्य छ। कार्यक्रमहरूको वस्तुनिष्ठ मूल्याङ्कन गरी नीतिगत विषयवस्तु र कार्यान्वयन संयन्त्रमा सुधारका लागि पृष्ठपोषण प्राप्त गर्नुपर्ने आवश्यकता रहन आएको छ।

सरकारी कार्यविधिहरूको सरलीकरण, लागत न्यूनीकरण र नागरिकसँगको सम्पर्कमा सुधार गर्न आवश्यक कदमहरू चाल्नुपर्छ। पारदर्शिता अभिवृद्धि, लालफिताशाही न्यूनीकरण र अझ राम्रो कार्यसम्पादन व्यवस्थापन सुनिश्चित गर्न प्रणालीहरूमा सुधार गर्नुका साथै ढिलासुस्ती, दोहोरोपना र अनावश्यक प्रक्रियाको अन्त्य गरी सार्वजनिक सेवाको गति र गुणस्तरमा सुधार गर्न जटिल एवं कठोर सरकारी प्रक्रियाहरूलाई परिमार्जन गर्नुपर्छ। नागरिकहरूसँग प्रत्यक्ष सम्पर्क हुने तथा खरिद, बोलपत्र आदिजस्ता भ्रष्टाचारलाई प्रश्रय दिने कार्यका प्रक्रियाहरूमा सुधार गर्नु आवश्यक छ। बजेट प्रक्रियामा वित्तीय उत्तरदायित्व र स्वच्छता सुनिश्चित गर्दै परिभाषित एवम् मापन गर्न सकिने खालका कार्यसम्पादन लक्ष्यहरू तय गर्नुपर्दछ।

सेवा प्रवाहमा सुधारका प्रयासहरू

निजामती सेवालाई स्वच्छ, प्रतिस्पर्धी, पारदर्शी, परिणाममुखी र समावेशी बनाई जनताको आवश्यकता र आकाङ्क्षाप्रति संवेदनशील एवं आफ्नो कार्यको निम्ति उत्तरदायी, सक्षम एवं सङ्घीयता र विकेन्द्रीकरणका आधारभूत मूल्य-मान्यतामूलक, अनुशासित र विधिसम्मत ढङ्गले काम गर्ने, स्पष्ट कार्य जिम्मेवारी भएको क्षेत्र बनाउने उद्देश्य लिइएको छ। सार्वजनिक सेवा प्रवाहलाई स्वच्छ, पारदर्शी र प्रभावकारी बनाउने र विद्युतीय शासनपद्धति तथा प्रक्रियालाई क्रमशः लागू गर्दै जाने, नीति र कामका आधारमा दण्ड-पुरस्कार दिने, कर्मचारीहरूको नियुक्ति, पदस्थापना, सरुवा, बढुवा तथा तलब-सुविधालाई पूर्वानुमानयोग्य, विधिसम्मत र उत्प्रेरणाका आधारभूत मान्यताअनुरूप बनाउने रणनीतिहरू रहेका छन्।

सोहीअनुसार विद्युतीय शासनसम्बन्धी निर्देशिका तर्जुमा र कार्यान्वयन, निजामती कर्मचारीको तालिमको पाठ्यक्रममा समयानुकूल सुधार, प्रशासनिक सङ्गठन र दरबन्दीमा सुधार, नियुक्ति, पदस्थापना, पूर्वानुमानयोग्य सरुवा, बढुवा, प्रशिक्षण तथा तलब-सुविधा, कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्ने कार्यहरू भएका छन्। सङ्घ, प्रदेश र स्थानीय तहबाटै उपलब्ध गराउने सार्वजनिक सेवालाई सरल, सहज र समयअनुकूल बनाउन तीनै तहको सङ्गठन संरचना र जनशक्ति व्यवस्थापन भएको हो। आर्थिक र अन्य अपराध नियन्त्रणसँगै सीमा सुरक्षा व्यवस्थापनबाट शान्ति-सुरक्षामा अभिवृद्धि भएको छ। समसामयिक कानुनी र प्रशासनिक सुधार, अनलाइन सेवाको विस्तार, कार्यालय स्वचालन प्रणाली, नतिजाउन्मुख अनुगमन-मूल्याङ्कन प्रणाली र कार्यसम्पादन करारले सार्वजनिक पदाधिकारीलाई अझ बढी जिम्मेवार र जवाफदेही बनाई सुशासन र शासकीय स्वच्छन्दतामा अभिवृद्धि भएको छ।

सुशासनका बहुआयामिक पक्षहरू

सुशासनलाई सुधार कार्यक्रमको रूपमा (शासकीय सुधार कार्यक्रम), सुशासनलाई सरकारले प्रदान गर्ने सेवाका रूपमा (सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन), सुशासनलाई पारदर्शिताको रूपमा (सूचनाको हकसम्बन्धी ऐन) प्रस्तुत गर्न खोजिए पनि विधिको शासन, उत्तरदायी सरकार, पारदर्शिता, मानव अधिकारको प्रत्याभूति, आवधिक निर्वाचन प्रणाली जस्ता विषयमा हामी निकै पछाडि परेका छौं। सुशासनभित्र सरकार एक्लो मात्र खेलाडी छैन; निजी क्षेत्र, नागरिक समाज, विकासका साझेदार निकाय, गैरसरकारी क्षेत्र, न्यायालय, सञ्चार जगत् सबै अटाएका हुन्छन्। यी सबै क्षेत्रले आम नागरिकप्रति व्यक्त गर्ने सम्बोधनबाट मात्र सुशासनलाई स्पर्श गर्न सकिन्छ।

सेवा प्रवाहमा सुधारका लागि सुझाव

वर्तमान सेवा प्रवाहको अवस्था, सेवाको उपयोगप्रति सेवाग्राहीको सन्तुष्टिको अवस्था, कर्मचारीको उत्पादन क्षमता र अपेक्षाको भिन्नता, ग्राहकको सङ्ख्यामा भएको गुणात्मक वृद्धि, पुराना ग्राहकको दीर्घकालीनता,

नीति-नियमको पालना, विभिन्न सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्ने सूचकाङ्कको सकारात्मक परिवर्तन, कर्मचारीको सन्तुष्टि, जिम्मेवारी वा जवाफदेहीताको पालनाको अवस्था जस्ता कुराले एवम् उल्लिखित व्यक्तिगत सुधारका र सङ्गठनात्मक सुधारका उपायहरूको अवलम्बनले सेवा प्रवाहमा सुधार ल्याउन सक्दछ। कर्मचारीलाई आफ्नो व्यवहारले पार्ने प्रभावका बारेमा आफैंलाई जानकारी नहुँदासमेत सेवा प्रवाहमा समस्या पर्न सक्दछ। सोका निमित्त कर्मचारीको व्यवहारको प्रभावबारे उसलाई प्रत्यक्ष वा परोक्ष रूपले जानकारी गराउने, व्यवस्थापन तहबाट कर्मचारीलाई गरिने व्यवहारको प्रभाव कार्यसम्पादनमा पर्ने भएकाले व्यवस्थापकले समेत सकारात्मक व्यवहार गर्नाले सेवा प्रवाहमा सुधार हुन सक्दछ।

सन्दर्भ सामग्री

अधिकारी, के. (२०८१). *सुशासन प्रवद्र्धन र भ्रष्टाचार नियन्त्रणका १० (दस) कार्यनीति.* अख्तियार दुरुपयोग अनुसन्धान आयोग.

आचार्य, सु. (२०८१). *सुशासन, समृद्धि र निक्सनको वाटरगेट काण्ड.* अख्तियार दुरुपयोग अनुसन्धान आयोग.

ओझा, रा. रा. (२०८१). निगामक शासन प्रणाली. पराग (छैटौं विशेषाङ्क), नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन.

अर्थ मन्त्रालय. (२०८१). *आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य.* नेपाल सरकार, अर्थ मन्त्रालय.

अर्थ मन्त्रालय. (२०८१). *आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य.* नेपाल सरकार, अर्थ मन्त्रालय.

अर्थ मन्त्रालय. (२०८२). *आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य.* नेपाल सरकार, अर्थ मन्त्रालय.

अर्थ मन्त्रालय. (२०८१). *आर्थिक सर्वेक्षण २०८०/८१.* नेपाल सरकार, अर्थ मन्त्रालय.

उपाध्याय, घ. (२०७८). *सङ्घीयतामा नेपालको सार्वजनिक प्रशासन, सार्वजनिक क्षेत्र सुधारको कार्यदिशा.* सम्पत्ति मासिक पत्रिका.

केन्द्रीय तथ्याङ्क विभाग. (२०७८). *राष्ट्रिय जनगणना, २०७८: प्रारम्भिक नतिजा.* राष्ट्रिय योजना आयोग.

कोइराला, य. (२०७७). *सुशासन र सार्वजनिक खरिद कानुनबिचको अन्तरसम्बन्ध.* नेपाल निजामती कर्मचारी युनियन सङ्घ, केन्द्रीय कार्यसमिति.

कुँवर, टे. (२०८०). *कानुन र न्यायका नवीनतम प्रवृत्ति एवम् मान्य सिद्धान्तहरू.*

खत्री, नृ. कु. (२०७९). *सुशासनको हाते पुस्तिका.* सुशासन तथा स्वजीवीका अध्ययन तथा विकास केन्द्र.

खरेल, सु., पी.एच.डी., ज्ञवाली, कृ., एम.फिल. (२०७७). *स्थानीय शासन र विकास.* क्वेस्ट पब्लिकेसन प्रा.लि.

घिमिरे, पु., अधिकारी, गो., धमला, को. प्र., र दाहाल, कृ. प्र. (२०५८). *शाखा अधिकृत प्रारम्भिक परीक्षा दर्पण.* अरविमा बुक्स एण्ड स्टेसनर्श.

घिमिरे, टे. ब. (२०८१). *सुशासन प्रवद्र्धनमा सूचना प्रविधिको प्रयोग.* अख्तियार दुरुपयोग अनुसन्धान आयोग.

तामाङ, रा. ब. (२०८०). *जरुरी छ भ्रष्टाचारविरुद्धको महासङ्ग्राम.* सूचना तथा प्रसारण विभाग.

थापा, अ., उपाध्याय, अ., अधिकारी, क., वाईपी र राई, खे. (२०७७). *शासन प्रणाली.* हिमालय प्रकाशन प्रा.लि.

नेपाल सरकार. (२०४८). *अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन.* कानुन किताब व्यवस्था समिति.

नेपाल सरकार. (२०४९). *निजामती सेवा ऐन.* कानुन किताब व्यवस्था समिति.

नेपाल सरकार. (२०५९). *भ्रष्टाचार निवारण ऐन.* कानुन किताब व्यवस्था समिति.

नेपाल सरकार. (२०६४). *सूचनाको हक सम्बन्धी ऐन.* कानुन किताब व्यवस्था समिति.

नेपाल सरकार. (२०६४). *सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन.* कानुन किताब व्यवस्था समिति.

नेपाल सरकार. (२०६५). *सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली.* कानुन किताब व्यवस्था समिति.

नेपाल सरकार. (२०६४). *सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन.* कानुन किताब व्यवस्था समिति.

नेपाल सरकार. (२०७२). *नेपालको संविधान.* कानुन किताब व्यवस्था समिति.

नेपाल सरकार. (२०८१). *भ्रष्टाचारविरुद्धको दोस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना.* प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय.

हाडा, गम्भीर बहादुर, २०८२

पाण्डेय, ट. प्र. (२०७८). नेपालमा राजस्व चुहावटका प्रवृत्ति र नियन्त्रणका प्रयासहरू. सम्पत्ति मासिक पत्रिका.

पौडेल, बा. (२०८१). *सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्ध र सुशासन.* अख्तियार दुरुपयोग अनुसन्धान आयोग.

भट्ट, भी. (२०७१). *सार्वजनिक प्रशासनको आधारभूत सिद्धान्त, सुशासन.* रत्नसागर प्रकाशन प्रा.लि.

भुर्तेल, दु. प्र. (२०७७). *सुशासनका आयाम तथा सुधारको मार्गचित्र.* विज्ञान तथा प्रविधि मन्त्रालय.

महालेखा परीक्षकको कार्यालय. (२०७९). *महालेखा परीक्षकको साठीऔँ वार्षिक प्रतिवेदन, २०७९.* महालेखा परीक्षकको कार्यालय.

यमलाल. (२०७७). *शासकीय सुधारः सैद्धान्तिक परिवेश र नेपालको अनुभव.* खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड.

सिवाकोटी, सु. (२०८०). संस्थागत सुशासनका सिद्धान्त र अवयवहरूः सन्दर्भ नेपालको बैङ्किङ क्षेत्र. मनोभाव त्रैमासिक, राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड.

बेल्वासे, ना., शर्मा, प्र. म., र खड्का, के. (सम्पादक). (२०५८). *असल शासन (स्रोत सँगालो).* प्रो. पब्लिक.